जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जापानका प्रधानमन्त्री इशिबाद्वारा राजीनामा दिने घोषणा | पृष्ठ ६ मा



वर्ष २७ •अंक १११ • २०८२ साल भाद्र २३ गते सोमबार (8 September, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

### सभापति देउवासमक्ष प्रदेश सांसद सामूहिक भेटवार्ता गर्ने

# मधेशमा कांग्रेसले माग्यो सरकारको नेतृत्व

**टुडे समाचारदाता**

जनकपुरधाम। केही दिन अघि सार्वजनिक रुपमै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेश सरकारको नेतृत्व आफूले पाउनुपर्ने अभिव्यक्ति दिएपछि पुनः मधेश प्रदेशमा सरकार परिवर्तनबारे चर्चा चुलिएको छ।

केही महिनादेखि प्रदेश सरकारको नेतृत्वका लागि ठूला दलदेखि साना दलसमेतले दाबी गर्दै आएका थिए। तर सबै दलमा मुख्यमन्त्री पदका लागि पनि विवाद देखिएपछि केन्द्रीय नेतृत्व तहले पनि सरकार परिवर्तनको विषयको औचित्यबारे मौन रहेपछि जनमत पार्टी नेतृत्वको सरकारले नै अहिलेसम्म निरन्तरता पाएको छ।

एक वर्षसम्मको अवधि जनमतले पाए पनि सो अवधिभन्दा दुई महिना बढी समयदेखि सरकारको नेतृत्व गरि नै रहेको बेला मधेश प्रदेश सरकारको नेतृत्वका लागि नेपाली कांग्रेसले फेरि दबाब सृजना गर्न थालेको छ।

विगतमा केन्द्रीय तहमा भएको सहमति अनुसार प्रदेश सरकारको नेतृत्व परिवर्तनका सवाललाई लिएर आइतबार बसेको कांग्रेस मधेश प्रदेश संसदीय दलको बैठकबाट सभापति शेरबहादुर देउवासंग सो सहमति कार्यान्वयनका लागि ध्यानाकर्षणसहित दबाब दिने भएको छ। प्रदेशसभामा प्रतिपक्षी दलहरुले अर्थमन्त्री सुनिलकुमार यादवको राजीनामाको माग राख्दै बैठक अवरुद्ध गरेपछि अनिश्चितकालका लागि प्रदेशसभाको अधिवेशन स्थगित रहेको छ। यस्तो अवस्थामा जनमत र नेकपा एमालेले पनि कांग्रेसमाथि दबाब बनाउन थालेपछि कांग्रेसले अर्थमन्त्री यादवलाई फिर्ता बोलाउने की सबै मन्त्रीलाई फिर्ता बोलाउने वा मधेश प्रदेश सरकारमाथिको नेतृत्वका लागि नै पहल थाल्ने भन्दै गम्भीर छलफल पछि कांग्रेसका प्रदेश सांसदहरु



> प्रदेशसभामा प्रतिपक्षी दलहरुले अर्थमन्त्री सुनिलकुमार यादवको राजीनामाको माग राख्दै बैठक अवरुद्ध गरेपछि अनिश्चितकालका लागि प्रदेशसभाको अधिवेशन स्थगित रहेको छ।

यस अन्योलतालाई चिर्नका लागि सभापति शेरबहादुर देउवासमक्ष परामर्श गर्ने भएका छन्। सो बैठकमा पूर्वसहमति अनुसार एक वर्षपछि जनमत पार्टीले कांग्रेसलाई सरकारको नेतृत्व दिनुपर्ने थियो। तर जनमतले सरकार छोड्न नमानेपछि कांग्रेस नेताहरू सभापति देउवालाई सहमति कार्यान्वयनका लागि पहल गर्न बुधबार भेटघाटका लागि समय तय भएको संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झाले जानकारी दिए।

जनमत नेतृत्वको सरकार परिवर्तनका लागि कांग्रेसले आफ्ना चारजना मन्त्रीलाई फिर्ता बोलाउनुपर्ने भन्दै कांग्रेसका प्रदेशस्तरीय नेताहरुले माग समेत गरेका छन्।


प्रतिपक्षी दलहरुले प्रदेशसभा बैठक अवरुद्ध गर्दै आएपछि अर्थमन्त्री यादवकै कारण पार्टीको छवि धुमिल हुँदै गएको भन्दै कांग्रेसभित्र पनि उनको राजीनामाको मागसहित असन्तुष्टि बढेका कारण पनि मन्त्रिपरिषद्बाट तत्काल मन्त्रीहरुलाई फिर्ता बोलाउनका लागि आवाज उठ्न थालेको छ।

हाल मधेश प्रदेश सरकारमा नेपाली कांग्रेसबाट भूमि व्यवस्था तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्री, ऊर्जा, खानेपानी तथा सरसफाइमन्त्री शेषनारायण यादव, श्रम तथा यातायातमन्त्री कौशल किशोर यादव र अर्थमन्त्री सुनिलकुमार यादव रहेका छन्। प्रदेशसभामा कांग्रेसका २२ जना सांसद छन्।









## एमाले महाधिवेशनः

# समूहगत प्रतिवेदनमाथिको प्रस्तुतीकरण सम्पन्न




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को दोस्रो विधान महाविधेशनमा प्रतिवेदनमाथि समूहगत रूपमा आएका सुझावको प्रस्तुतीकरण सकिएको छ । ललितपुरको गोदावरीमा जारी महाधिवेशन केन्द्रमा आइतबार तेस्रो दिन १० समूहमा विभाजन गरिएका महाधिवेशन प्रतिनिधिको समूहद्वारा प्रतिवेदनमाथिको प्रस्तुतीकरण सम्पन्न भएको हो ।

आइतबार १० विभिन्न समूहगत नेताहरूको प्रस्तुति सकिएको एमाले प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले बताउनुभयो । समूहगत नेताले अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णु पौडेलको विधान संशोधन, महासचिव शङ्कर पोखरेलको साङ्गठनिक प्रतिवेदनसहित आयोगका प्रतिवदेनहरूमाथि केही सुझावसहित मूल अवधारणामा सहमत जनाउनुभएको उहाँले जानकारी दिनुभयो ।

छलफल प्रतिवेदन पेस गर्दै समूहगत नेताहरूले भावी पार्टी नेतृत्वका लागि अध्यक्ष केपी शर्मा ओलीको विकल्प नभएको बताएका प्रचार विभाग प्रमुख गौतमले उल्लेख गर्नुभयो । उहाँका अनुसार सुदूरपश्चिम प्रदेशबाट कृष्णप्रसाद जैसीले महाधिवेशनमा प्रस्तुत गरिएको प्रतिवेदनपूर्ण सहमति जनाउनुभएको छ । "अहिले पार्टी नेतृत्वका लागि अध्यक्ष ओलीको विकल्प नरहेको निष्कर्ष हाम्रो समूहको ठहर छ", जैसीले भन्नुभयो ।

कर्णाली प्रदेशका अध्यक्ष एवं समूहगतका नेता गुलाबजङ्ग शाहले वर्तमान अवस्थामा नेतृत्वलाई थप स्थापित र सशक्त बनाउनुपर्ने समय आएकाले पार्टीको भावी नेतृत्वमा अध्यक्ष ओलीको विकल्प नरहेको बताउनुभयो ।

लुम्बिनी प्रदेश अध्यक्ष तथा समूहगतका नेता राधाकृष्ण कँडेलले नेपाली विशेषताका आधारमा समाजवाद निर्माण गर्न नेतृत्व स्थापित गरिनुपर्ने भएकाले पार्टी एक ढिक्का भएर अघि बढ्नुपर्ने बताउनुभयो । ग ण्ड की प्रदेशका उपाध्यक्ष एवं समूहगत नेता मीनप्रसाद गुरुङले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षालाई गन्तव्यमा पुऱ्याउन प्रतिवेदनहरूले प्रष्ट मार्ग निर्देश गरेको बताउनुभयो ।

बागमती प्रदेशका अध्यक्ष एवं समूहगत नेता कैलाश ढुङ्गेलले आफ्नो समूहमा ७० वर्षे उमेर हद र दुई कार्यकाल हटाउनुपर्छ भन्ने विधान संशोधनलाई अधिकांशले सर्मथन गर्नुभएको बताउँदै केही मत भने उक्त व्यवस्था हटाउनु हुँदैन भन्ने सुझाव आएको जानकारी दिनुभयो ।

मधेस प्रदेशका अध्यक्ष एवं समूहगत नेता चन्द्रेश्वर मण्डलले आगामी महाधिवेशनबाट पार्टी अध्यक्ष ओलीलाई नेतृत्व दिनुपर्नेमा जोड दिनुभयो । "पार्टीमाथि देशी/विदेशी शक्तिबाट चौतर्फी आक्रमण भइरहेको बेला नेतृत्व स्थापित गर्नका लागि आगामी महाधिवेशनबाट अध्यक्ष ओलीलाई नै पुनःनेतृत्व दिनुपर्छ", उहाँले भुन्नुभयो ।

कोशी प्रदेशका अध्यक्ष एवं समूहगत नेता घनश्याम खतिवडाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पेस गर्नुभएको विधान संशोधनमा ७० वर्षे उमेर हद र दुई कार्यकाल हटाउने प्रावधानलाई स्वागत गर्नुभयो । उहाँले भन्नुभयो, "राष्ट्रपति, उपराष्ट्रपति र संवैधानिक आयोगमा निर्वाचित र नियुक्ति भएकाहरूलाई राजनीतिमा नफर्किने भन्ने विषय पार्टीको विधान र संविधानमा लेखिनुपर्दछ ।"

साथै कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका समूह नेताले प्रतिवेदनमाथि सुझाव प्रस्तुत गर्नुहुनेछ । यस्तै उपत्यका विशेष प्रदेश, विभिन्न जनसङ्गठन, सम्पर्क समन्वय समिति र प्रवासबाट भक्त गुरुङ तथा केन्द्रीय निकायका प्रतिनिधि तथा केन्द्रीय कार्यालयबाट शिव अधिकारी , विभागीय संरचना र केन्द्रीय निकाय आयोजकका तर्फबाट चुडामणि जङ्गलीले प्रस्तुति गर्नुभएको थियो ।

समूहगत नेताको सुझावसहितको प्रस्तुतीकरणपछि प्रतिवेदनमाथि आएका सुझावमा सम्बन्धित नेताहरूले जवाफ दिनुहुने छ । त्यसपछि सुझावसहित पार्टीको विधान पारित गरिने एमाले प्रचार विभागका प्रमुख गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार आइतबार समसामयिक प्रस्ताव पारित गर्ने कार्यसूचीसमेत रहेको छ । महाधिवेशनमा आइतबार केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गर्ने कार्यतालिका रहेको गौतमले जानकारी दिनुभयो ।

'निर्णायक राष्ट्रियशक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य' मूल नारासहित शुक्रबारदेखि सुरु भएको एमालेको दोस्रो विधान महाधिवेशनमा देशभरिका दुई हजार २६ जना प्रतिनिधि र आयोजकका हैसियतमा तीन सय १५ जनाको सहभागिता छ । महाधिवेशन आज सकिने कार्यतालिका रहेको एमाले प्रचार विभागले जनाएको छ ।

### पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा आउन नहुने अधिकांश प्रतिनिधिको अभिमत

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को दोस्रो विधान महाधिवेशनमा पार्टीको संस्थापन पक्षको प्रस्तावमा अधिकांश प्रतिनिधिले समर्थन जनाएका छन् ।

ललितपुराको गोदावरीमा जारी महाधिवेशनको पहिलो दिन प्रस्तुत, राजनीतिक, साङ्गठनिक र विधान संशोधन प्रस्तावमाथि दोस्रो दिनको समूहगत प्रस्तुतिमा केहीले मात्रै संस्थापनपक्ष अघि सारेको पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णयको विपक्षमा आफ्ना विचार राखेको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

> "राष्ट्रपति, उपराष्ट्रपति र संवैधानिक आयोगमा निर्वाचित र नियुक्ति भएकाहरुलाई राजनीतिमा नफर्किने भन्ने विषय पार्टीको विधान र संविधानमा लेखिनुपर्दछ ।"

महाधिवेशनका दुई हजार तीन सय २१ प्रतिनिधिमध्ये धेरै कमले त्यसतर्फ आफ्ना भनाइ खुलेर राखेको बताउनुभएका प्रमुख गौतमले भन्नुभयो,"छलफलका क्रममा हरेक समूहबाट दुईतीन जनाले मात्रै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी सदस्यता नवीकरण गर्नहुँदैन भन्ने पार्टी निर्णयका विपक्षमा आफ्ना विचार राख्नुभएको छ । दशवटै समूहबाट जोड्दा त्यसरी विचार राख्ने कमरेडहरुको सङ्ख्या २५ जना मात्रै छ ।"

एमाले सुदूरपश्चिम प्रदेश अध्यक्ष कृष्णप्रसाद जैसीले पार्टीको निर्णय र प्रस्तावका पक्षमा रहेर सुझाव दिइएको बताउनुभयो । एमाले कोशीका अध्यक्ष घनश्याम खतिवडाले "छलफलमा मौखिक र लिखित सुझाव दिने अधिकांश प्रतिनिधिले पार्टीको सदस्यताबाट राजीनामा दिएर देशको सर्वोच्च पद राष्ट्रपति, उपराष्ट्रपति र सर्वोच्च अदालतको प्रधानन्यायधीश भइसकेको कुनैपनि व्यक्तिलाई पार्टीको सक्रिय राजनीतिमा ल्याउन हुँदैन भन्ने कुरा पार्टीको मात्र नभएर नेपालको संविधानमै उल्लेख गर्नुपर्ने विचार राखेका छन् । जुन स्वभाविक पनि छ", भन्नुभयो ।

कूल दुई सय २७ जना प्रतिनिधि भएको मधेश प्रदेशको छलफलमा यसरी पार्टीले गरेको निर्णयमा पुनर्विचार गर्नुपर्छ भन्नेको सङ्ख्या तीनजना मात्र छ । छलफलमा कुरा राख्ने ३५ जनामध्ये अरविन्द्र सिंहलगायतले पार्टीले पूर्वराष्ट्रपतिलाई सदस्यता दिन हुदैन भन्ने निर्णयमा पुनर्विचार गर्न अनुरोध गर्नुभएको छ ।महाधिवेशनमा प्रस्तुत सबै प्रतिवेदन र पार्टीले गरेको निर्णणप्रति समर्थन भए पनि देशको पूर्वराष्ट्रपतिले पार्टीको सदस्यता पाउँ भनेर गरेको अपिलमा पार्टी लचिलो हुनुपर्ने भनाइ उहाँको रहेको मधेश प्रदेशको समूहमा रहेका केन्द्रीय सदस्य प्रभु हजाराले जानकारी दिनुभयो । उहाँका यसरी भनाइ राख्ने अन्य दुई जनाले पनि सिंहकै भनाइमा केन्द्रित थियो ।

समूह छलफलमा वाग्मती प्रदेशका अधिकांश प्रतिनिधिहरुले देशको गरिमाका रुपमा रहनु भएका पुर्वराष्ट्रपति भण्डारीलाई पार्टी राजनीतिमा फर्किन नहुने तर्क गरेका छन् । उहाँ अब एमालेको मात्र होइन सिङ्गो गणतन्त्रात्मक नेपालको गौरव हो । उहाँले सबैको अविभावक भएर सिङ्गो देशलाई एकताबद्ध रुपमा अगाडी बढाउन प्रतिनिधिहरुको सुझाव रहेको समूह छलफलका क्रममा दिएको पोलिटव्यूरो सदस्य पार्वत गुरूङले जानकारी दिनुभयो । तीन सय ६१ जना महाधिवेशन प्रतिनिधिमध्ये जम्मा ११ जनाले मात्रै पूर्वराष्ट्रपति भण्डारीले पार्टीको सदस्यताका लागि खुला रुपमा चासो देखाएपछि दिनु पर्ने तर्क गरेका छन्", पूर्वसूचना तथा सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "यसरी कुरा राख्ने साथीहरुले पनि तत्काल पार्टीको नेतृत्वमा ओली विकल्प सोच्न नसकिने भन्ने तर्क गरेका छन् ।"

अधिवेशनका एक सहभागीका अनुसार वाग्मतीबाट भण्डारीलाई सदस्यता दिनुपर्ने तर्क दीपक निरौला, उषाकिरण तिमिल्सिना, तेजेन्द्र खड्का, नारायण खतिवडा, अरुण नेपाल, सुशीला पाख्रीन, सरिता न्यौपाने, शर्मिला कार्की, सीता पौडेल, राजेन्द्र राजथला र झम्क नेपालले गर्नुभएको थियो । एक सय ८८ प्रतिनिधि भएको गण्डकी प्रदेशको छलफलमा विकास लम्साल र विद्या भट्टराई बाहेक सबैले पार्टीका सबै निर्णयको समर्थन गरेका छन् । उहाँहरुले पनि एकताबद्ध एमालेमा विवाद हुन नहुनेमा जोड दिनुभयो ।

संविधानको संरक्षक बनेको व्यक्ति (राष्ट्रपति र उपराष्ट्रपति) लाई पार्टीको राजनीतिमा ल्याउन नहुनेमा लुम्बीनी प्रदेश पनि एकताबद्ध देखियो । दुई सय १७ प्रतिनिधि भएको लुम्बनीमा लीला गिरी, टोपबहादुर ओली र पुजन विश्वकर्माले मात्रै भण्डारीको सदस्यता नवीकरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँहरुले पनि थप एक कार्यकालका लागि पार्टी नेतृत्वमा अध्यक्ष ओलीको विकल्प सोच्न नसकिने तर्क गरेको केन्द्रीय सदस्य खेममान खड्काले जानकारी दिनुभयो ।

पार्टी केन्द्रको प्रस्तावमा कर्णाली प्रदेश एक ढिक्का रह्यो । एक सय ३२ प्रतिनिधि भएको कर्णालीले पूर्वराष्ट्रपति फेरि राजनीतिमा आउन नहुने पार्टीको निर्णय अनुमोदन गर्यो । "४६ जना प्रतिनिधिले धारणा राखेको कर्णालीको छलफलमा केन्द्रीय पदाधिकारीमा सबै प्रदेशबाट प्रतिनिधित्व हुनेपर्ने माग चर्को रुपमा उठ्यो", इन्चार्ज बोगटीले थप्नुभयो, "विद्यमान पार्टी सदस्यता शुल्कको वितरण प्रक्रियामा संशोधन गरेर केन्द्रमा २० प्रतिशत, प्रदेश र जिल्लामा २५-२५ प्रतिशत, पालिका कमिटीमा २० प्रतिशत र वडा कमिटीमा १० प्रतिशत शुल्क राख्ने व्यवस्था विधानमा गर्नुपर्ने प्रस्ताव कर्णालीले गरेको छ ।रासस

## निजामती विधेयक छिट्टै पारित हुन्छः उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सङ्घीय निजामती सेवासम्बन्धी विधेयकलाई सङ्घीय संसद्बाट यथाशक्य छिटो पारित गराई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

निजामती सेवा दिवस-२०८२ का अवसरमा निजामती सेवा दिवस मूल समारोह समितिले यहाँ आइतबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "तहगत प्रशासनिक अन्तर सम्बन्धलाई बलियो बनाउँदै प्रशासनिक सङ्घीयतालाई सुदृढ तुल्याउन कोशेढुङ्गाका रुपमा अपेक्षा गरिएको सङ्घीय निजामती सेवासम्बन्धी विधेयकलाई सङ्घीय



संसद्बाट यथाशक्य छिटो पारित गराई कार्यान्वयन गराउनेतर्फ सरकार प्रतिबद्ध रहेको छ ।"

उहाँले आमकर्मचारीको माग र भावनालाई समावेश गरी राजनीतिक दलहरुको सहमतिबाट संसद्ले निजामती विधेयक पारित गर्ने विश्वास व्यक्त गर्नुभयो । एकताबद्ध हुँदै विकास, समृद्धि र सुशासनको मार्गमा अग्रसर हुन र व्यावसायिक तथा सिर्जनशील प्रशासनमा लाग्न राष्ट्रसेवक निजामती कर्मचारी प्रतिबद्ध हुनुपर्ने उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "शासन व्यवस्थाको मेरुदण्डका रुपमा रहेको निजामती सेवा राष्ट्र निर्माणको एक अभिन्न अङ्ग हो, विकास, सुशासन र सेवा प्रवाहलाई प्रधावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व पनि निजामती सेवाकै काँधमा रहेको छ ।"

उपप्रधानमन्त्री सिंहले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै लोकतन्त्रका लाभहरुको वितरण गर्ने तथा राज्यप्रति नागरिकको भरोसा र विश्वास अभिवृद्धि गर्न निजामती सेवाको भूमिका अति महत्वपूर्ण हुने पनि बताउनुभयो । रासस

## भन्सार छलीको कपडासहित एकजना पक्राउ

**टुडे समाचादाता**



जनकपुरधाम । भारतबाट अवैध रूपमा भन्सार छली गरेर ल्याइएको लत्ताकपडा र दुईवटा मोटरसाइकलसहित एकजना युवकलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

गोलबजार नगरपालिका-६ गुम्बाचोक नजिकै आइतबार सशस्त्र प्रहरी बल नम्बर ७ गण सिरहाको गस्ती टोलीले उक्त सामानसहित सुखीपुर नगरपालिका वडा नम्बर ७ का २२ वर्षीय रामकुमार यादवलाई पक्राउ गरेको छ ।

उनीसँगै रहेका अर्का मोटरसाइकल चालक भने फरार रहेको सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले जानकारी दिनुभयो । सशस्त्र प्रहरीका अनुसार यादवको साथबाट दुई लाख ८२ हजार ८०० रुपैयाँ मूल्य बराबरको कपडा र दुई लाख ५० हजार रुपैयाँ मूल्य बराबरका दुई थान मोटरसाइकल बरामद गरिएको छ । बरामद सामग्रीको मूल्य ५ लाख ३२ हजार ८०० रुपैयाँ मूल्य बराबर छ ।

सशस्त्र प्रहरी उपरीक्षक भण्डारीले भारतबाट भन्सार छली गरेर सामान भित्र्याउने कार्यमा रोक लगाउन सशस्त्र प्रहरीले कडा निगरानी थालिएको छ । पक्राउ परेका सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको पनि उनले बताए ।

## भूगोलभन्दा बाहिर इलाका र सम्पर्क कमिटी आवश्यक छः उपाध्यक्ष पौडेल

ललितपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टीको सङ्गठनलाई गतिशील, प्रभावकारी र चलायमान बनाउन भूगोलभन्दा बाहिर इलाका र सम्पर्क कमिटी आवश्यक रहेको बताउनुभएको छ ।

ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा शुक्रबारदेखि जारी पार्टीको दोस्रो विधान महाधिवेशनको अन्तिम दिन आइतबार विधान संशोधन प्रतिवेदनमाथिको समूहगत छलफलबाट आएको प्रश्नको जवाफ दिँदै उपाध्यक्ष पौडेलले केन्द्रीय कमिटीको अनुमतिमा राजधानी बाहिरका सहरी क्षेत्रमा पनि सम्पर्क समिति बनाउनुपर्नेमा जोड दिनुभयो ।

उपाध्यक्ष पौडेलले महाधिवेशनको बन्दसत्रमा केन्द्रीय कमिटी १५ जना पदाधिकारीसहित २५१ हुने र सबै तहको कमिटीमा निर्वाचित हुन ७० वर्षको उमेर हदलाई हटाइएको उपाध्यक्ष पौडेलले जानकारी दिनुभयो । त्यस्तै, पार्टी सदस्यतामा पनि पार्टी सदस्य र सङ्गठित सदस्य गरी दुई खालको हुनुपर्ने उहाँको भनाइ थियो ।
प्रदेश अधिवेशन चार-चार वर्षमा, केन्द्रीय महाधिवेशन पाँच वर्ष हुने उपाध्यक्ष पौडेलले जवाफका क्रममा बताउनुभएको छ ।

"सही र सूचित नीति, भरोसायोग्य नेतृत्वलाई आधार बनाएर अगाडि बढौं, एकताबद्ध भएर एमालेलाई राष्ट्रिय शक्ति बनाउने अभियानका साथ अगाडि बढौं, एउटै व्यक्ति पार्टी र जनसङ्गठनको सदस्य हुन पाउँछ, तर एउटा व्यक्ति एउटामात्रै जनसङ्गठनमा बस्न पाउँछ", उहाँले भन्नुभयो ।

उपाध्यक्ष पौडेलले हरेक प्रदेशबाट एक जना केन्द्रीय प्रतिनिधि राख्ने कुरा राम्रो भए पनि विधानमा नै उल्लेख गर्न आवश्यक नरहेको बताउनुभयो । समूहगत छलफलबाट प्रदेश र स्थानीय तहमासमेत नीति अनुन्धान प्रतिष्ठान बनाउन गरिएको प्रस्तावमाथि जवाफ दिनुहुँदै उपाध्यक्ष पौडेलले पार्टीको नीति तय गर्ने एउटामात्रै नीति अनुन्धान प्रतिष्ठान केन्द्रीय तहमा हुने र स्थानीय कमिटीले सुझाव दिन सक्ने बताउनुभयो ।

उहाँले सहकारीलाई पार्टीको संरचनामा समेट्नु उपयुक्त नहुने धारणा राख्नुभयो । उहाँले प्रदेश र स्थानीय कमिटीमा १५ प्रतिशत र आयोगका कमिटीमा १० प्रतिशत मनोनयनको व्यवस्था उचित समेत उल्लेख गर्नुभयो । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** नयाँ काम धन्दामा लगानी गर्न मन लाग्नेछ । स्वास्थ्य राम्रो रहन्छ ।
**वृष :** आफन्तै व्यक्तिहरुसंग झगडा पर्न सक्नेछ ।
**मिथुन :** आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन ।
**कर्कट :** लाभका मौकाहरु उपयोग गर्न सके राम्रा छन् ।
**सिंह :** समयमा खान नपाइने अथवा अगतिलो खाना सेवन गर्नुपर्ला ।
**कन्या :** सोचेका कामहरुमा भने कुनै न कुनै प्रकारको झन्झट र झमेला देखापर्ने छ।
**तुला :** इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा सहभागी हुन पाइनेछ ।
**वृश्चिक :** कुनैपनि शैक्षिक क्षेत्रमा लगानी आज गर्नुभयो भने राम्रो हुनेछ ।
**धनु :** खाना नपच्ने, कुनै व्यक्तिसंग झगडा पर्ने जताबाट पनि नोक्सान मात्रै पर्नेछ ।
**मकर :** सर्तक रही कार्य गर्नुहोला ।
**कुम्भ:** आर्थिक दृष्टिकोणले उपयोगी बित्नेछ।
**मीन :** आफ्नो काममा आफ्नै व्यक्तिहरुले बाधा पार्नेछन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# देशलाई हेपेको सहन सकिँदैनः प्रधानमन्त्री ओली



पाटन । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले अरु जुनसुकै कुरा सहिन्छ तर देशलाई हेपेको सहन नसकिने बताउनुभएको छ ।

ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा शुक्रबारदेखि जारी एमालेको विधान महाधिवेशनको अन्तिम दिन आइतबार प्रतिनिधिलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले बेथिति र हेपाहा प्रवृत्तिका सदैव विरोधमा उत्रने र देशलाई हेपेको कदापि नसहन बताउनुभयो ।

“राष्ट्रियता कविता हैन, छन्द हैन, क्षणिक स्वार्थ हैन, हामी वाक स्वतन्त्रता र राष्ट्रिय स्वाभिमानका लागि बलिदान दिएर आएका शक्ति हौँ, सामाजिक सञ्जालका विरुद्धमा नेकपा एमाले छैन, नेपालमा व्यवसाय गरेर पैसा कमाउने तर कानुनबमोजिम नबस्ने कुरा सह्य हुँदैन । अहिले केही मान्छेहरु विरोधमात्रै गर्ने पात्र पुतलीजस्ता भएका छन्”, प्रधानमन्त्री ओलीले भन्नुभयो ।

“कहलिएका बुद्धिजीवीहरुको चिन्तन नै स्वतन्त्र छैन, आफूलाई ठूलो बुद्धिजीवी भन्नेहरूले कस्ता कुराबाट समाजलाई प्रभावित गर्न खोजेका छन् भन्ने देखिएकै छ । पछिल्लो समयमा ‘जेनजी’ पुस्ताका नाममा समाजलाई भड्काउन खोजिएको छ, तर ‘जेनजी’ पुस्ता देशलाई माया गर्छ”, उहाँले भन्नुभयो ।

सरकारले एक वर्षअघिदेखि सामाजिक सञ्जाललाई दर्ता गर्न भनेको स्मरण गर्दै उहाँले भन्नुभयो, “अहिले चार जना मानिसको रोजगारी खोसिएकोभन्दा देशको स्वाधीनता ठूलो हो, देशको कानुन नमान्ने, संविधान नमान्ने, राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता, सार्वभौमसत्ताको कुरालाई नमान्ने पनि कहीँ हुन्छ, स्वाधीनता स्वाभिमानबाट प्राप्त हुन्छ, स्वाभिमानबाट स्वतन्त्रता प्राप्त हुन्छ”, अध्यक्ष ओलीले भन्नुभयो ।

उहाँले असमानता कम गर्दै विभेद्लाई अन्त्य गर्ने पार्टीको नीति रहेको उल्लेख गर्दै छलफलसहित प्राप्त नीतिलाई अङ्गीकार गर्दै ‘मिसन ८४’ को अभिभारा पूरा गर्नेगरी पार्टी अघि बढिरहेको स्पष्ट गर्नुभयो । रासस

# खग्रास चन्द्रग्रहणः शतभिषा र पूर्वभाद्रपदा नक्षत्र एवं कुम्भ राशिलाई अति कष्ट

काठमाण्डु । भाद्र शुक्ल पूर्णिमाका दिन आइतबार राति खग्रास (पूरै ढाकिने) चन्द्रग्रहण लाग्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । ग्रहणले आइतबार राति १० बजेर ११ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ । खगोलको क्षेत्रमा काम गर्ने नेपाल एष्ट्रोनोमिकल सोसाइटीले भने राति १०:१२ बजे चन्द्रग्रहण सुरु हुने जनाएको छ ।

समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख भए अनुसार आज राति ११:५६ मा चन्द्रग्रहणको मध्य हुनेछ । राति १:४१ बजे ग्रहण सकिने समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो । साढे तीन घण्टा काठमाडौँबाट चन्द्रग्रहण देखिने पनि उहाँले सुनाउनुभयो ।


नेपालमा पूर्व र आग्नेयका बीचबाट चन्द्रग्रहणले १०:११ बजे स्पर्श गर्ने र नैऋत्य र पश्चिमबाट राति १:४१ बजे अन्त्य हुने अध्यक्ष ढकालले बताउनुभयो । पृथ्वीले सूर्यलाई पूर्णरुपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था नै खग्रास चन्द्रग्रहण हो । पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्रग्रहण हो ।

यो ग्रहण नेपालबाट देखिने विसं २०८२ को पहिलो ग्रहण हो । यसैवर्ष आगामी फागुन शुक्ल पूर्णिमामा पनि खण्डग्रास चन्द्रग्रहण लाग्ने समितिले जनाएको छ । चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औँसी तिथिमा लाग्ने गर्छ ।

**ग्रहणका समयमा के गर्ने ? के नगर्ने ?**

ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ । ग्रहणका समयमा दीक्षामन्त्र लिन पनि उत्तम मानिन्छ । ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा र नसके नजिकैको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

ग्रहणका समयमा सुते रोग लाग्ने, पिसाब गरे दरिद्र, दिसा गरे कीरा भएर




जन्मने, मैथुन गरे गाउँको सुङ्गुर भएर जन्मने, सिङ्गार पटार गरे कुष्ठरोगी, भोजन गरे अधोगति, बन्धनमा राखे सर्प भएर जन्मने, काटमार गरे नरकमा बास हुने उल्लेखित धार्मिक ग्रन्थमा वर्णन गरिएको धर्मशास्त्रविद् प्रा तोयराज नेपालले बताउनुभयो ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् नेपालले बताउनुभयो । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामी बाहेकलाई शास्त्रीय रुपमा भोजन निषेध गरिएको पनि उहाँले सुनाउनुभयो । भदौ २२ गते आइतबार दिउँसो १३:११ बजेपछि बाल, वृद्ध र आतुर बाहेकले भोजन गर्नुहुँदैन ।

**कुन राशिलाई कस्तो छ आइतबार रातिको चन्द्रग्रहण**

आइतबार रातिको चन्द्रग्रहण हेर्दा मेष राशिलाई लाभ मिल्छ । वृष राशिलाई सुख, मिथुन राशिलाई माननाश हुने समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । यसैगरी कर्कटलाई कष्ट, सिंहलाई स्त्रीपीडा, कन्यालाई सुख, तुलालाई चिन्ता, वृश्चिकलाई खर्च हुने योग देखिएको छ ।

धनु राशिलाई श्रीप्राप्ति, मकरलाई क्षति, कुम्भलाई घात र मीनलाई खर्चको योग रहेको पनि समितिले जनाएको छ । शतभिषा र पूर्वभाद्रपदा नक्षत्र एवं कुम्भ राशि भएका व्यक्तिलाई आज रातिको चन्द्रग्रहण अतिकष्टदायक रहेको पनि समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ ।

**ग्रहणसम्बन्धी आधुनिक एवं वैज्ञानिक धारणा**

नेपाल एष्ट्रोनोमिकल सोसाइटीले मौसमले साथ दिएमा नेपालका सबै भागबाट पृथ्वीको छायाँ चन्द्रमामा आंशिक रुपमा परी ग्रहण लागेको देख्न सकिने जनाएको छ । ग्रेगोरियन पात्रो अनुसार ग्रहण सेप्टेम्बर ७ तारिकको राति र नेपाली पात्रो अनुसार भदौ २२ गते राति पर्छ । नेपाली पात्रोअनुसार सूर्योदयदेखि सूर्योदयसम्मको समयलाई एक दिन गणना गरिन्छ । ग्रेगोरियन पात्रोले मध्यरातदेखि मध्यरातसम्मको समयलाई एक दिन गणना गर्ने भएकाले समय फरक पर्न गएको सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो ।

चन्द्रग्रहण अवलोकन गर्न चाहनेले निर्धक्क भएर आफ्नो घर वा घर छेउमा रहेको खुला चौरबाटै नाङ्गो आँखाले अवलोकन गर्न सक्ने पनि सोसाइटीले जनाएको छ । टेलिस्कोप वा दुरविनको माध्यमले हेरेमा विस्तृतरुपमा देख्न सकिन्छ । वैज्ञानिक मान्यताअनुसार चन्द्रग्रहण हेर्दा कुनै हानीनोक्सानी नहुने अध्यक्ष भट्टराईले बताउनुभयो ।

आइतबार राति ११:१५ बजेदेखि बिहान ००:३७ बजेसम्म चन्द्रमा पृथ्वीको सघन छायाँमा रहन्छ जसलाई खग्रास समय भनिन्छ । यो बेला चन्द्रमा रातो देखिन्छ । इन्टरनेटमा भनेजस्तो र राखिएको तस्बिर जस्तो नहुने उहाँले बताउनुभयो । बाँकी समय पृथ्वीको छायाँले चन्द्रमालाई ढाक्दै र छोड्दै जानेछ जुन समय खण्डग्रास समय हो । आफैं हेरेर सही र गलत छुट्याउन सोसाइटीले सबैमा आह्वान गरेको छ ।

एक्काइसौँ शताब्दीमा पर्ने ८५ वटा चन्द्रग्रहणमध्ये यो एक भएको उहाँले सुनाउनुभयो । “तान्त्रिकहरु तन्त्रको साधना तथा अघोरीमन्त्रहरुको साधना ग्रहणका बेलामा गर्दा सिद्धिहुने कुरामा विश्वास गरी यस्तो समयको उपयोग गर्छन्”, उहाँले भन्नुभयो ।

सूर्यग्रहण हेर्दा सूर्यबाट आएका किरणलाई आँखाभित्र पस्न नदिन विभिन्न सावधानी अपनाइन्छ । चन्द्रग्रहण जो कोहीले पनि नाङ्गो आँखाले सजिलै हेर्न सक्छन् । चन्द्रग्रहण टेलिस्कोप, वाइनाकुलर, क्यामरा वा अरु कुनै सामग्रीले हेर्दा केही असर गर्दैन । चन्द्रग्रहणमा आँखालाई हानीनोक्सानी पुर्‍याउने खालका किरण आएका हुँदैनन् । वैज्ञानिकले समेत ग्रहणका समयमा साधना गरेको उदाहरण छ । विश्वप्रसिद्ध वैज्ञानिक आइन्स्टाइनले आफ्नो प्रकाशसम्बन्धी सिद्धान्तको प्रयोग तथा पुष्टि खग्रास सूर्यग्रहण लागेको बेलामा गरेका थिए भनिन्छ ।

खगोलविद् तथा वैज्ञानिकहरुका लागि भने ग्रहण एउटा प्रयोगात्मक प्रक्रियाको पुष्टि गर्ने सुनौलो अवसर मानिन्छ । ग्रहणको प्रभाव केवल मानवजातिमा मात्र नभइ पशुपक्षीमा पनि प्रत्यक्ष असर परेको अनुभव गर्न सकिने वाल्मीकि विद्यापीठ ज्योतिष विषयका सहप्राध्यापक जयन्त आचार्य बताउनुहुन्छ ।

यो खग्रास चन्द्रग्रहण नेपालको सबै भागबाट देखिने बिपी कोइराला मेमोरियल प्लानेटेरियम अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिले जनाएको छ । नेपालका साथै यूरोप, अफ्रिका, र एसिया र अष्ट्रेलियाबाटसमेत आज रातिको चन्द्रग्रहण देखिने समितिका कार्यकारी निर्देशक डा सनतकुमार शर्माले जानकारी दिनुभयो ।

यो चन्द्रग्रहण उत्तर तथा दक्षिण अमेरिकाबाट भने नदेखिने पनि उहाँले सुनाउनुभयो । ग्रहणको समयमा यो रातो देखिने हुनाले यसलाई रक्तिमचन्द्र पनि भनिन्छ । आज राति ९:१३ बजेदेखि नै विरल छायाँले ढाक्न सुरु गर्ने समितिले जनाएको छ । राति ११:१५ बजेदेखि खग्रास ग्रहण अर्थात् सघन छायाँले ढाक्नेछ । राति ११:५६ बजे खग्रास ग्रहणको मध्य समय हुनेछ । राति १२:३७ बजेदेखि खग्रास ग्रहण अर्थात् सघन छायाँले ढाक्न छोड्ने समितिले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ । राति ०२:४० बजे विरल छायाँले ढाक्न छोड्नेछ ।

चन्द्र ग्रहण खाली आँखाले अवलोकन गर्न सकिने र वैज्ञानिक रूपमा हालसम्म मानव जीवनमा ग्रहणको कुनै पनि नकारात्मक प्रभाव रहेको तथ्याङ्क प्राप्त नभएको समितिले जनाएको छ ।रासस

# सरकारका कामलाई प्रभावकारी रुपमा लैजान सकेमात्र पार्टी बलियो हुन्छः महासचिव पोखरेल




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले सरकारका कामलाई प्रभावकारी रुपमा लैजान सकेमात्र पार्टी बलियो हुने बताउनुभएको छ ।ललितपुर, गोदावरीमा शुक्रबारदेखि जारी पार्टीको दोस्रो विधान महाधिवेशनमा समूहगत नेताबाट आएका सुझावको जवाफ दिने क्रममा उहाँले सरकारले गरेका कामलाई जनस्तरसम्म पुर्‍याउनुपर्ने बताउनुभयो ।

महासचिव पोखरेलले आफ्नो ठाउँ वडाबाट कार्यकर्ता र जनतालाई काममा जोड्नुपर्नेमा जोड दिनुभयो । उहाँले वडातहबाट काम सुरू भयो भने प्रत्यक्ष देखिनेसमेत बताउनुभयो।महासचिवपोखरेलले जुन कमिटीबाट बिदा वा प्रवेश गरेकोहोत्यहीकमिटीलेनिर्वाचनमा हारेकालाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो । उहाँले नेताको व्यवस्थापन सम्बन्धित तहले गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टीमा युवा र जनसङ्गठनलाई समुदाय र वर्ग केन्द्रित गर्नुपर्ने बताउनुभयो ।

महासचिव पोखरेलले प्रदेशदेखि तल्लो तहमा युवाको प्रतिनिधित्व कम रहेको बताउनुभयो । “४० वर्षका युवा प्रदेश र जिल्ला कमिटीमा जो प्रतिनिधि बनेर आए ती सबै नेता मात्र बने । पार्टीमा ४० वर्षमुनिका युवालाई पार्टी काममा जोड्ने काम कमजोर रहेको छ । हामीले ४० वर्ष मुनिका युवालाई पार्टी काममा लगाउन भनिए पनि सुधार हुन सकेन”, उहाँले भन्नुभयो ।

महासचिव पोखरेलले पार्टीले केन्द्रीय कमिटीमा महिलालाई ३३ प्रतिशत सुनिश्चित गरेपछि पार्टी सदस्यमा महिला ३३ प्रतिशत नपुगेको बताउनुभयो । “महिलाको पार्टी सदस्यता २६ प्रतिशत मात्र रहेको छ । पाटी सदस्य विस्तार नगरिकन सक्षम नेतृत्व निर्माण हुन सक्दैन”, उहाँले जवाफ दिने क्रममा भन्नुभयो ।

महासचिव पोखरेलले २०४३ सालमा स्ववियु निर्वाचनमा पार्टीले एउटा मोटरसाइकल उपलब्ध गराउँदा खुसी भएको प्रसङ्ग उल्लेख गर्दै आजको सामाजिक अपेक्षाअनुसार नेताको जीवन सरल हुनुपर्ने बताउनुभयो । “पार्टी नेता तथा कार्यकर्ताको जीवनशैली तडकभडक जुन बढेको छत्यसलाई जनताले निगरानी गरिरहेका छन्”, उहाँले भन्नुभयो । उहाँले समूह नेताबाट आएका लिखित प्रस्तावलाईसाङ्गठनिकप्रतिवेदनमा समेट्ने जानकारी दिनुभयो ।

बन्दसत्रमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको सुझावका आधारमा आज प्रतिवेदनलाई पारित गर्ने र जवाफका क्रममा सुझाव नछुटोस् भनेर थप छलफल गरेर दस्तावेज बनाइने उहाँको भनाइ थियो ।

उहाँले राजनीतिक र साङ्गठनिक प्रतिवेदन सैद्धान्तिक भएकाले थप समूह नेताबाट छलफल गरेर केही हेरफेर हुनेसक्ने र पार्टी विधानमा हेरफेर नगरिकन महाधिवेशनबाट विधान संशोधन प्रस्ताव पारित गर्नुपर्ने बताउनुभयो । प्रधानमन्त्री ओलीले अहिले छुटेका कुरालाई पछि समेटिने बताउनुभयो ।रासस

# ‘नेपालमा बिचौलिया पुँजीवाद हाबी भयो’



गलकोट । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उप-महासचिव तथा पूर्वअर्थमन्त्री वर्षमान पुनले नेपालमा पुँजीवादी समाजवादको सट्टा बिचौलिया पुँजीवाद हाबी भएको बताउनुभएको छ ।

नेपाल राष्ट्रिय उद्योग व्यापार सङ्गठन बागलुङको आयोजनामा आइतबार यहाँ भएको ‘नेपाली विशेषताको समाजवाद र वैकल्पिक अर्थतन्त्र’ विषयक विचार गोष्ठीमा उहाँले समाजवादी अर्थतन्त्र हाम्रो लक्ष्य भए पनि बिचौलिया अर्थतन्त्रमा पुगिएको बताउनुभयो ।

नेता पुनले खुला प्रतिस्पर्धात्मक अर्थ व्यवस्थामा एकाधिकार बढेपछि नियामक निकायको जन्म र अर्थतन्त्रमा दलाल प्रवृत्ति हाबी भएको बताउनुभयो । “बिचौलियाले नै पार्टी खोलेर देश चलाउने अडान लिन थालेका छन्, उनीहरू सरकार बनाउँछौँ, प्रधानमन्त्री बनेर देश चलाउँछौँ भनिरहेका छन्”, उहाँले भन्नुभयो, “उदारवाद अर्थतन्त्रपछि पुँजीवादी अर्थतन्त्र हुँदै बिचौलिया पुँजीवादी आएको छ, हामीले चाहेको पुँजीवादी समाजवाद हो ।”

नेता पुनले यो सबै अवस्थालाई ध्यानमा राखेर परिवर्तनकारी राजनीतिक शक्तिले आफूलाई परिमार्जन गर्दै अगाडि बढ्नुको विकल्प नरहेको धारणा राख्नुभयो ।रासस

# प्रभावकारी सेवा प्रवाहमा मन्त्री न्यौपानेको जोड



काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रभावकारी सेवा प्रवाहलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभएको छ ।

निजामती सेवा दिवसका अवसरमा निजामती सेवा दिवस मूल समारोह समितिले यहाँ आइतबार आयोजना गरेको कार्यक्रममा उहाँले सेवा प्रवाहमा विलम्ब नगर्न अनुरोध गर्नुभयो । सेवा प्रवाहका क्रममा आवश्यक प्रविधिक सहयोग र उपकरणको उपयोग गर्न उहाँले सुझाउनुभयो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ बनाउन कर्मचारीको महत्वपूर्ण भूमिका हुने भएकाले सक्षम, पारदर्शी, जवाफदेही र सेवाग्राहीमैत्री प्रशासन आजको आवश्यकता हो भन्नुभयो ।

मुख्यसचिव एकनारायण अर्यालले प्रविधिको प्रयोग गरेर सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी तुल्याउन आफूहरू क्रियाशील रहेको बताउनुभयो ।

त्यस अवसरमा उपसचिवद्वय राजुप्रसाद गुरागाइँ र चूडाराज न्यौपाने र शाखाअधिकृत सागर मिश्रलगायत १० जनालाई उत्कृष्ट कर्मचारी पुरस्कार र ३० जनालाई निजामती सेवा पुरस्कार प्रदान गरिएको थियो ।रासस

# माओवादीप्रति जनताको आशा, भरोसा र साथ छः अध्यक्ष दाहाल

लमजुङ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पछिल्लो समय माओवादीप्रति जनताको आशा, भरोसा र साथ रहेको बताउनुभएको छ ।

मध्यपहाडी लोकमार्ग अभियानअन्तगर्त आइतबार लमजुङको सुन्दरबजार नगरपालिका-९ स्थित भौँटेओडारमा आयोजित सभामा आफू सरकारको नेतृत्वमा रहेका बेला देश र जनताको पक्षमा काम गरेकाले अहिले पनि जनताको आशा, भरोसासहित साथ रहेको धारणा राख्नुभयो । आफ्नो पार्टी अहिले सरकारबाहिर रहे पनि जनता केन्द्रित भएर काम गरिरहेको उल्लेख गर्नुभयो ।


अन्य पार्टीका नेतृत्वले माओवादी अल्पमतमा पुगेको भन्नेमा कुनै सत्यता नभएको बताउँदै अध्यक्ष दाहालले पार्टीले गरेका सकारात्मक कामको मूल्याङ्कन गर्दै पार्टीप्रति जनताको साथ रहेको बताउनुभयो । उहाँले आगामी निर्वाचनमा माओवादी केन्द्र मुलुकको ठूलो दल बन्ने विश्वास व्यक्त गर्नुभयो ।




अध्यक्ष दाहालले माओवादी नेतृत्वको पहिलो सरकारका बेला मध्यपहाडी लोकमार्ग, हुलाकी मार्ग, उत्तर-दक्षिण करिडोर निर्माण, गरिब किसानका लागि रु ३० हजारसम्मको ऋण मिनाहालगायत काम गरेको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, “दोस्रो कार्यकालमा सविधान निर्माणदेखि लोडसेडिङ अन्त्य गर्दै अन्य मुलुकलाई बिक्री गरेर देशलाई आर्थिक विकास गरेका थियौँ ।”

तेस्रो कार्यकालमा जलवायु न्यायको मुद्दा अन्तरराष्ट्रियस्तरमा उठाउने, भारत र बङ्गलादेशसँग विद्युत् व्यापार सम्झौता गर्ने, चीनसँग १४ नाका खोल्ने, सुशासनको अभियान सञ्चालन गर्नेलगायत काम भएका अध्यक्ष दाहालले दाबी गर्नुभयो । पार्टीले जनताका पक्षमा प्रशस्त काम गरे पनि प्रचारप्रसार नगर्दा जनतासम्म पुग्न नसकेको उहाँको भनाइ छ ।

यो अभियानले जनतालाई सत्य/तथ्य बुझ्न र भविष्यमा सही बाटो देखाउन सहयोग पुर्‍याउने अध्यक्ष दाहालले विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा अध्यक्ष दाहालसहित वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष कृष्णबहादुर महरा, नन्दकिशोर पुन, अग्निप्रसाद सापकोटा, महासचिव देवप्रसाद गुरुङलगायत नेताहरूको सहभागिता थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सामाजिक सञ्जाल सरकारका लागि जंजाल

सामाजिक सञ्जाल दर्ताको विषयलाई लिएर देशव्यापी रुपमा बहस चर्किएको छ भने कतिपयले यसलाई वाक् तथा अभिव्यक्ति स्वतन्त्रतासंग जोडेर पनि हेर्न थालेका छन् । सामाजिक सञ्जाल बन्द भएपछि एक पक्ष सडक आन्दोलनमै उत्रिएका छन् । सामाजिक सञ्जालका कुरा बन्द कोठादेखि सडकहुँदै सर्वोच्च अदालतसम्म पुगेको छ । ऋदालतले सामाजिक सञ्जालहरू दर्ता गरी नियमन गर्न परमादेश दिएको छ भने अर्कातिर अधिकांश सामाजिक सञ्जाल कम्पनीहरूले सरकारको पटकपटकको आह्वानलाई अवज्ञा पनि गर्दै आएका छन् । सामाजिक सञ्जाल समाजको विशेषगरी युवा वर्गको जीवन शैली नबनेको भए सम्भवतः प्रतिबन्ध नै लगाउन पनि सरकार हिचकिचाउँदैन थियो । सामाजिक सञ्जाल दर्ताका लागि सरकारले पछिल्लोपटक दिएको म्याद पनि सकिएको अवस्था छ । तर सरकारको पछिल्लो आह्वानलाई पनि सामाजिक सञ्जालहरूले अवज्ञा गर्ने क्रम भने जारी नै छ । एकातर्फ सरकारले आफ्नो नियन्त्रणमा ल्याउन चाहेका छन् भने अर्कोतर्फ सामाजिक सञ्जालहरुले ऐन तथा कार्यविधिसमेत खोज्न थालेका छन् । सामाजिक सञ्जालमाथि सरकारले अदालतको आदेशलाई आधार बनाएर प्रतिबन्ध लगाउने आँट गरे पनि यसको विकल्प भने सरकारले दिन सकेको छैन । सामाजिक सञ्जाल लक्षित सरकारका कुनै पनि नियमनकारी प्रयासलाई समाजले निषेध र नियन्त्रणको अर्थमा लिएर विरोधमा पनि उत्रिएका छन् । यसकारण आमजनलाई असन्तोषको निहुँ दिएर सरकारले मूर्खता काम गरिसकेको छ । अहिले सरकारको कार्यशैलीका कारण छवि नराम्ररी बिग्रेको छ । त्यसैले सरकारले नियमनको प्रयास गर्दा नियन्त्रणको झिल्कामात्र देखिए पनि त्यसलाई समाजले अभिव्यक्ति स्वतन्त्रतामा अतिक्रमणका रूपमा लिएको देखिन्छ । सरकारको नियतमै सन्देह गर्दै समाजमा उत्तेजना फैलाउन सामाजिक सञ्जालको निर्बाध उपभोगबाट लाभान्वित समूह तम्तयारै नै छ । कर प्रयोजनका लागि दर्ता भएकाहरू पनि नियमनका लागि दर्ता हुन तयार नहुनुले सामाजिक सञ्जालका सञ्चालकहरू सरकारको नियतप्रति आश्वस्त हुन नसकेको देखिन्छ । त्यसैले सरकारले सामाजिक सञ्जालप्रति वक्रदृष्टि नराखी विश्वासजनक अवस्था सृजना गर्न आवश्यक छ । सामाजिक सञ्जाल नेपालमा दर्ता हुन आएनन् भने सरकारले उपयुक्त सबै कानुनी कदम र उपाय भने अपनाउनै पर्ने हुन्छ । नेपालको संविधानले सुनिश्चित गरेको नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने कुनै कदम चाल्नु हुँदैन । नागरिक समाज र सञ्चार माध्यमले पनि सरकारमाथि निगरानी राख्दै सार्वभौम सत्ताको मर्यादा राख्न नितान्त जरुरी छ । वर्तमान परिस्थितिमा सामाजिक सञ्जालहरूको नियमनका लागि सरकारले वित्तीय उपकरणहरूको प्रयोग गर्ने पनि विकल्प हुनसक्छ । त्यसैले अर्काको सामाजिक सञ्जाललगायतका प्राविधिक सामग्रीहरु सरकारले स्वयमूले पनि आफ्ना जनतालाई मनोरञ्जन, सूचना, सन्देश प्रवाह र मनको भाव पोख्ने, अभिव्यक्ति तथा स्वतन्त्रताका लागि आफ्नै सामाजिक सञ्जाल बनाउनतर्फ पनि ध्यान दिनुपर्ने आवश्यक छ ।

# सामाजिक सञ्जालहरू बन्द गर्ने सरकारको निर्णय र नेपालमा यसको सामाजिक प्रभाव



डा. केदार कार्की

नेपालमा दर्ता आवश्यकताहरू पालना गर्न समयसीमा पूरा गर्न असफल भएपछि नेपाल सरकारले बिहीबार (सेप्टेम्बर ४, २०२५) फेसबुक, एक्स (पहिले ट्विटर), इन्स्टाग्राम र युट्युब लगायत २६ सामाजिक सञ्जाल प्लेटफर्महरूलाई प्रतिबन्ध लगाउने निर्णय गरेको छ।

सरकारले सूचीकृत नभएका सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको छ । सञ्चार तथा सूचना मन्त्रालयले बिहीबार यस्तो निर्णय गरेको हो । सात दिनभित्र अनिवार्य रूपमा दर्ता हुनुपर्ने समयसीमा सकिए पनि मेटा, अल्फाबेट, एक्स, रेडिट, लिंक्डइनजस्ता ठूला कम्पनीले मन्त्रालयसँग सम्पर्क नगरेपछि सरकारले प्रतिबन्ध गर्ने निर्णय गरिएको जनाइएको छ ।

पक्कै पनि पछिल्लो समयमा सामाजिक सञ्जाल आजको दिनमा सूचना प्रवाहको प्रमुख माध्यम बनेको छ । फेसबुक, युट्युब, टिकटकदेखि एक्ससम्मका प्लेटफर्ममा करोडौं नेपाली सक्रिय छन् । यी प्लेटफर्मले समाचार, विचार, ज्ञान र मनोरञ्जनका सामग्री जस्तै व्यक्तिगत भावनादेखि सामाजिक आन्दोलनसम्मलाई प्रशस्त ठाउँ दिएका छन् । तर, यिनै माध्यमले कहिलेकाहीँ समाजमा विभाजन, नफरत फैलाउने प्रवृत्ति, आपराधिक गतिविधि र गलत सूचनाको व्यापारलाई पनि सहज बनाइदिन्छन् । यति मात्र होइन, विदेशी कम्पनीहरूले नेपालमा व्यापारिक गतिविधि गर्दै पनि कर तिर्ने, कानूनी दायित्व बहन गर्ने, वा स्थानीय नियमनलाई सम्मान गर्ने काममा चासो नदेखाएको हकमा सरकारलाई सचेत कदम चाल्नुपर्ने दबाब छ ।

नेपालको सामाजिक सञ्जाल क्षेत्रमा आजकल सबैभन्दा चर्चित प्लेटफर्महरू फेसबुक, इन्स्टाग्राम, युट्युब र ट्विटर छन्। यी प्लेटफर्महरू नेपाली समाजका हरेक तह र वर्गका लागि सूचना र सञ्चारको मुख्य स्रोत बनेका छन्। व्यापार, शिक्षा, समाचार, मनोरञ्जन, र सामाजिक संवादको लागि यी प्लेटफर्महरूको महत्त्व अत्यन्त ठूलो छ। यस्ता प्लेटफर्महरूलाई दर्ता गर्ने सरकारको प्रयास प्राविधिक, कानूनी र आर्थिक दृष्टिले सही देखिन्छ, तर यसका पछाडि रहेका विभिन्न कारणहरूले यसलाई कठिन बनाएको छ।

नेपाल सरकारले डिजिटल सुरक्षा र अनलाइन अपराध नियन्त्रणको उद्देश्यले प्रमुख सामाजिक सञ्जाल प्लेटफर्महरूलाई दर्ता गर्न निर्देशन दिएको थियो। यो कदमलाई सबैले सकारात्मक रुपमा लिएको थिएन, तर सरकारको निर्णयले निश्चिततः नेपालको डिजिटल क्षेत्रमा ठूलो प्रभाव पार्ने थियो। एक वर्ष बितिसक्दा पनि प्रमुख प्लेटफर्महरूले सरकारले गरेको निर्देशनलाई अनदेखा गरिरहेको छ। यो अवज्ञा केवल प्लेटफर्महरूको पक्षबाट मात्र होइन, सरकारको डिजिटलीकरण नीतिको लागि पनि ठूलो चुनौती बनिरहेको छ। अब नेपाल सरकारलाई आफ्नो डिजिटल नियमन र सुरक्षा पद्धतिमा कडा कदम चाल्नु पर्ने समय आएको छ।


नेपालको डिजिटल जगत यत्रा गर्नको लागि अहिलेको समयमा के गर्ने भन्ने सोचमा छ। फेसबुक, इन्स्टाग्राम, युट्युब र गूगल जस्ता प्रमुख प्लेटफर्महरूलाई नेपाल सरकारले निर्देशन दिएको थियो उनीहरूले नेपाल सरकारको नियमनलाई स्वीकार गर्दै दर्ता प्रक्रिया पूरा गर्नुपर्छ। तर, ती प्लेटफर्महरूले यसलाई हल्का रुपमा लिएका छन्। सरकारको आदेशलाई पन्छाउँदै यी कम्पनीहरूले नेपालको नियमलाई बेवास्ता गर्दै आफ्नो कार्य जारी राखेका छन्। यसले नेपाल सरकारलाई ठूलो असमझमा पार्दैछ। सरकारको नियम र निर्देशिकालाई चुनौती दिँदै यी डिजिटल प्लेटफर्महरूको दवाबले देशको आर्थिक र डिजिटल भविष्यको सन्दर्भमा ठूलो प्रश्नचिन्ह खडा गरेको छ।

यस्तै पृष्ठभूमिमा सरकारले सामाजिक सञ्जाललाई सूचीकृत गर्ने नीति ल्याएको हो । यो कदम कागजमा हेर्दा राज्यको सार्वभौमिकता, कानूनी शासन र नागरिक सुरक्षाका दृष्टिले जरुरी देखिन्छ । नेपालजस्ता मुलुकले आफ्ना नागरिकलाई पहुँच र स्वतन्त्रता दिने मात्र होइन, जिम्मेवारीपूर्ण प्रयोगमा पनि ध्यान दिनुपर्छ । तर, अर्को तर्फ, यस्तो निर्णयलाई राजनीतिक हस्तक्षेप, अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार, वा प्रविधि-अनुकूल सोचभन्दा दमनकारी दृष्टिकोणका रूपमा पनि व्याख्या गर्न सकिन्छ ।

प्रथम, यी प्लेटफर्महरूका लागि नेपाल जस्तो सानो बजारमा दर्ता गर्ने प्रक्रिया एक थप अनावश्यक कदम जस्तो देखिन सक्छ। मेटा (फेसबुक र इन्स्टाग्राम), गूगल (युट्युब र गूगल सर्च) जस्ता कम्पनीहरूका लागि नेपाल जस्तो सानो बजारमा कुनै ठूलो अर्थतन्त्र नहुन सक्छ। उनीहरूले नेपालमा आफ्नो प्रमुख नीतिहरूलाई स्थानीय सरकारले निर्धारण गरेको कानूनी दायरामा राख्न रुचाएका छैनन्। यसबाहेक, यी प्लेटफर्महरूलाई दर्ता गर्ने निर्देशिकाले उनीहरूको संचालनमा ठूलो प्रतिबन्ध ल्याउने डर पनि उत्पन्न भएको छ।

नेपाल सरकारको उद्देश्य डिजिटल क्षेत्रमा नियन्त्रण र अनलाइन अपराध नियन्त्रण गर्नु हो। अहिलेको समयमा नेपालमा अनलाइन अपराधको दर बढेको छ। साइबर अपराध, अनलाइन ठगी, भ्रामक सूचना र नफरत फैलाउने सामग्रीले नेपालको डिजिटल समाजलाई प्रभावित पारिरहेको छ। यसैले, सरकारको कदमलाई सकारात्मक रुपमा लिइनु पर्ने हो। यद्यपि, दर्ता नगरेको कारण यी प्लेटफर्महरूलाई सरकारले कारवाही गर्न नपाउँदा सरकारको नीतिको प्रभावकारिता शून्य बन्न सक्छ।

नेपाल सरकारले ल्याएको नियम र निर्देशिका केवल एक कानूनी कदम मात्र होइन, यो एक चेतावनी पनि हो। डिजिटल कम्पनीहरूले जति ठूलो र प्रभावशाली भए पनि, तिनीहरूलाई स्थानीय सरकारका नियमहरू र कानूनी ढाँचामा काम गर्न आवश्यक छ। यसैले, यस कदमले नेपालको डिजिटल सुरक्षा र नियमनमा ठूलो सकारात्मक परिवर्तन ल्याउन सक्छ, यदि यसलाई सही तरिकाले कार्यान्वयन गरिन्छ भने।




नेपालमा डिजिटल प्लेटफर्महरू केवल सामाजिक सञ्जालको प्रयोगकर्ताहरूका लागि मात्र महत्त्वपूर्ण छैन, तर यी प्लेटफर्महरूको अस्तित्व साना व्यवसाय र व्यवसायीहरूको लागि जीवन र मरणको प्रश्न पनि हो। फेसबुक, इन्स्टाग्राम, युट्युब जस्ता प्लेटफर्महरूमा डिजिटल मार्केटिङ र अनलाइन विज्ञापनका माध्यमबाट लाखौं नेपाली व्यवसायीहरू आफ्नो उत्पादन र सेवा प्रक्षेपण गर्दै आएका छन्। यी प्लेटफर्महरूले नेपालका साना व्यवसायहरूको लागि ठूलो बजारको निर्माण गरेका छन्। यदि यी प्लेटफर्महरूलाई नेपाल सरकारले दर्ता नगरेको कारण ठप्प पार्छ भने, नेपालको व्यापारिक प्रणालीमा ठूलो आघात आउनेछ।

नेपालका साना व्यवसायीहरूलाई अनलाइन प्लेटफर्महरूमा राम्रो परिणाम देखिन थालेका छन्। यसले व्यापारको विक्रीलाई बढाएको छ र प्रतिस्पर्धात्मक बजारमा परिपक्व बनाएको छ। तर, यी प्लेटफर्महरूको अवज्ञाले व्यवसायको निरन्तरता र अनलाइन व्यापारमा ठूलो संकट निम्त्याउन सक्छ।

नेपालको सञ्चार क्षेत्रमा अहिलेको समयमा सामाजिक सञ्जालको प्रभाव अत्यन्त ठूलो छ। अनलाइन समाचार पोर्टल र युट्युब च्यानलहरू नेपाली समाचार र सूचनाको प्रमुख स्रोत बनेका छन्। यदि यी प्लेटफर्महरू बन्द भए भने, जनतालाई सूचना प्रवाहमा ठूलो बाधा आउनेछ। परम्परागत सञ्चार माध्यमहरू जस्तै रेडियो र टेलिभिजनसँगै अनलाइन मिडिया पनि आजको समयमा महत्त्वपूर्ण स्रोत बनेका छन्। यी प्लेटफर्महरूको बन्दले जनताको सूचना पहुँचमा प्रत्यक्ष असर पुर्याउनेछ।

सेप्टेम्बर ४, २०२५ को समयसीमा भित्र अधिकारीहरूसँग दर्ता गर्न असफल भएपछि नेपाल सरकारले फेसबुक, एक्स र युट्युब लगायतका प्रमुख सामाजिक सञ्जाल प्लेटफर्महरूलाई प्रतिबन्ध लगाएको छ। दर्ता र सामग्री अनुगमन अनिवार्य गर्ने सर्वोच्च अदालतको फैसलाद्वारा समर्थित यो निर्णयको आलोचना असहमतिलाई दबाउने सम्भावना र सञ्चार, सूचना र आर्थिक गतिविधिहरूको लागि यी प्लेटफर्महरूको व्यापक प्रयोगलाई ध्यानमा राख्दै यसको अव्यावहारिकताको लागि गरिएको छ। सम्भावित प्रभावहरूमा साइबर सुरक्षा जोखिम, सञ्चारमा अवरोध, सिर्जनाकर्ता र व्यवसायहरूको लागि आर्थिक अवसरहरू घट्ने र कम नियमन गरिएको, सम्भावित रूपमा जोखिमपूर्ण विकल्पहरू खोज्ने प्रयोगकर्ताहरूको बढ्दो सम्भावना समावेश छ।

### प्रतिबन्धको कारणहरू

**दर्ता नगर्ने:**

प्रतिबन्धको मुख्य कारण सेप्टेम्बर ४, २०२५ को समयसीमा भित्र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (ःयऋक्ष्त) मा दर्ता गर्न फेसबुक, एक्स र युट्युब जस्ता प्लेटफर्महरूको असफलता हो।

**नियामक निरीक्षण:**

यो प्रतिबन्ध सर्वोच्च अदालतको फैसला अनुरूप छ जसले अनिवार्य दर्ता र अवांछित सामग्रीको निगरानी र सम्बोधन गर्न संयन्त्र स्थापना गर्ने व्यवस्था गर्दछ।

**जवाफदेहिता:**

सरकारले भनेको छ कि यो प्रतिबन्धले नेपालमा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई उनीहरूको सामग्री र सञ्चालनको लागि थप जवाफदेही र जिम्मेवार बनाउने लक्ष्य राखेको छ।

### परिणाम र प्रभावहरू

**सञ्चार अवरोध:**

लाखौं नेपालीहरूले दैनिक सञ्चारको लागि सामाजिक सञ्जाल प्रयोग गर्छन्, र यो प्रतिबन्धले यसमा उल्लेखनीय रूपमा बाधा पुर्याउन सक्छ, जसले गर्दा जडान र जानकारी साझा गर्ने उनीहरूको क्षमता प्रभावित हुन सक्छ।

**आर्थिक प्रभाव:**

यो प्रतिबन्धले सिर्जनाकर्ताहरू, व्यवसायहरू र स्थानीय इन्टरनेट सेवा प्रदायकहरू (क्षक्एक) को लागि अन्तर्राष्ट्रिय ट्राफिक व्यवस्थापनमा नकारात्मक असर पार्न सक्छ, जसले प्लेटफर्महरूद्वारा प्रदान गरिएको स्थानीय क्यास सर्भरहरूको अभावका कारण बढ्दो लागतको सामना गर्न सक्छन्।

**बढ्दो साइबर सुरक्षा जोखिम:**

कम नियमन गरिएका प्लेटफर्महरूतर्फ प्रयोगकर्ताहरूलाई धकेल्दै, यो प्रतिबन्धले अनजानमा साइबर सुरक्षा जोखिम बढाउन सक्छ किनकि प्रयोगकर्ताहरूले वैकल्पिक, गैर-अनुपालन प्लेटफर्महरू खोज्छन्।

**अभिव्यक्ति स्वतन्त्रताको चिन्ता:**

आलोचकहरूले तर्क गर्छन् कि यो प्रतिबन्ध डिजिटल शासन सुधार गर्ने वास्तविक प्रयासको सट्टा असहमतिलाई दबाउन र अनलाइन अभिव्यक्तिमा थप नियन्त्रण गर्न चाल हो।

**नीतिगत अस्थिरता:**

अचानक प्रतिबन्धले प्राविधिक कम्पनीहरूसँगको सरकारको सम्बन्धलाई अझ अस्थिर बनाउन सक्छ, जसले गर्दा उनीहरू नेपालमा लगानी गर्न वा सञ्चालन गर्नबाट बच्न सक्छन्, जुन टिकटकले पहिले स्थानीय क्यास सर्भरहरू प्रदान गर्नबाट फिर्ता लिएको कुराले देखाएको छ।

### विज्ञ र आलोचकको राय

**अपरिपक्वता र अव्यवहारिकता:**

एसिया इन्टरनेट गठबन्धन जस्ता केही विज्ञ र संस्थाहरूले सरकारको दृष्टिकोणलाई अपरिपक्व र अव्यावहारिक भनेर आलोचना गरेका छन् र व्यवहार्य नियमहरू विकास गर्न प्लेटफर्महरूसँग थप सहयोगी दृष्टिकोणको वकालत गरेका छन्।

**असहमतिमाथि चिन्ता:**

अन्तर्राष्ट्रिय पत्रकार महासंघ ले प्रतिबन्धलाई सत्तारुढ दलको आलोचना गर्ने राजनीतिक सामग्री हटाउने र सरकारका आलोचकहरूलाई दण्डित गर्ने रणनीतिको रूपमा हेर्छ।

**अन्तमा अगाडि बढ्ने बाटो:**

नेपाल सरकारले डिजिटल नियमनको लागि उठाएको कदम कानूनी दृष्टिले ठुलो महत्व राख्दछ। यी प्लेटफर्महरूलाई दर्ता नगर्ने निर्णय नेपालको कानूनी क्षेत्रको कमजोरीलाई उजागर गर्दछ। साथै, यसले नेपालको डिजिटल अर्थतन्त्रको भविष्यको लागि चिन्ता उत्पन्न गरेको छ। सरकारले यसलाई एक चुनौतीको रुपमा लिनुपर्ने अवस्था आएको छ। यदि यी प्लेटफर्महरू बन्द भए भने, डिजिटल बजार र विज्ञापन क्षेत्रमा ठुलो कमी आउने छ। यसले व्यवसायिक गतिविधिहरूमा नकरात्मक प्रभाव पार्ने छ।

नेपालमा सामाजिक सञ्जाल दर्ताको माग गर्नुको पछाडि सरकारको आफ्नै कारणहरू छन्। यो सरकारको नियमन उद्देश्यका लागि र विदेशी कम्पनीहरूलाई देशको नियम पुस्तिकामा ल्याउनको लागि एक महत्त्वपूर्ण कदम हो।

यद्यपि, मेटा, एक्स र अन्य कम्पनीहरू दर्ताको लागि सरकारी अनुरोध पालना गर्न किन हिचकिचाउँछन् भन्ने बारेमा पनि छलफल हुनुपर्छ। यति ठूलो सामाजिक सञ्जाल प्लेटफर्ममा प्रतिबन्ध नेपालको लागि राम्रो साबित नहुन सक्छ, विशेष गरी जब फेसबुक जस्ता प्लेटफर्महरू सूचना प्रसार र व्यावसायिक उद्देश्यका लागि सबैको जीवनको अभिन्न अंग बनेका छन्।

नेपालजस्तो मुलुकमा कानुन निर्माण भए पनि कार्यान्वयनमा कमजोरी देखिन्छ । गत सात दिनको अल्टिमेटम ठूला बहुराष्ट्रिय कम्पनीका लागि पर्याप्त समय थिएन भन्ने आलोचना छ । यस्ता कम्पनीहरूको ग्लोबल प्रक्रिया जटिल हुन्छ । नेपालजस्तो सानो बजारका लागि तुरुन्त निर्णय गर्न उनीहरू हिचकिचाउन सक्छन् । अर्कोतर्फ, सरकारले यस्ता कम्पनीसँग संवाद, कूटनीतिक पहल र प्राविधिक सहकार्य बढाउनु पर्नेमा प्रत्यक्ष निषेधात्मक कदम उठाउनु उत्तम बाटो हो कि भन्ने प्रश्न खडा भएको छ ।

अर्को गम्भीर पक्ष भनेको नागरिकको स्वतन्त्रता हो । आजको डिजिटल युगमा सामाजिक सञ्जाल नागरिक आवाजको मुख्य माध्यम बनेको छ । नेपालजस्तो विकासोन्मुख देशमा नागरिकले आफ्नो विचार राख्ने, सरकारको आलोचना गर्ने, वा सामाजिक विषयमा बहस गर्ने प्रमुख प्लेटफर्म यही हो । यदि प्रतिबन्धको नाममा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन्छ भने यो लोकतान्त्रिक मूल्य-मान्यतामाथि प्रहार हुनेछ ।

सामाजिक सञ्जाल नियन्त्रणको प्रश्न सजिलो छैन । गलत प्रयोग रोक्न कानूनी दायरामा ल्याउने चाहना जायज छ । तर, सरकारको निर्णय नागरिकमाथि नियन्त्रणभन्दा बढी उनीहरूको अधिकार सुरक्षित गर्ने दिशामा केन्द्रित हुनुपर्छ । हतारको निर्णयले दीर्घकालीन नोक्सानी पुऱ्याउने खतरा हुन्छ । त्यसैले सरकारलाई प्रतिबन्धको कठोर बाटो भन्दा संवाद र सहकार्यको लचिलो बाटो रोज्नैपर्छ । यही बाटोले मात्र नागरिक अधिकार सुरक्षित गर्ने, डिजिटल अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने र नेपाललाई विश्व प्रविधि बजारमा सम्मानित बनाउने बाटो खोल्छ ।

नेपाल सरकारको डिजिटल नीति र सामाजिक सञ्जाल प्लेटफर्महरूको दर्ता नीतिका बीचको सम्बन्ध जटिल छ। यद्यपि, सरकारको उद्देश्य स्पष्ट छ - डिजिटल सुरक्षा र अनलाइन अपराध नियन्त्रण गर्नु। तर, यसका कारण व्यापार, सूचना प्रवाह र आर्थिक गतिविधिमा ठुलो असर पर्ने सम्भावना छ। अब, नेपालको डिजिटल भविष्यको निर्णय सरकारको हातमा छ। यस कदमको लामो र छोटो अवधिमा के परिणाम आउने हो, त्यो भविष्यले नै बताउँछ।

# मेडिकल कलेजमा मेडिकल लाइब्रेरीको महत्व, चुनौती र समाधान उपायहरू



खिम लामिछाने काजी

शिक्षा मानव जीवनको मेरुदण्ड हो भने पुस्तकालय शिक्षाको आत्मा हो भन्ने भनाइ प्रचलित छ। कुनै पनि शैक्षिक संस्थाको गुणस्तरीय स्तर पुस्तकालयमा निर्भर हुन्छ। सामान्य विद्यालय वा विश्वविद्यालयभन्दा मेडिकल कलेज अझ विशेष हुन्छ किनकि यसले भविष्यका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्ताहरू तयार गर्छ। चिकित्सा क्षेत्र निरन्तर प्रगतिशील, जटिल र अनुसन्धान-आधारित भएकाले यसको अध्ययन-अध्यापनलाई व्यवस्थित पुस्तकालयको विशेष आवश्यकता पर्छ।

आजको आधुनिक युगमा शिक्षाको स्तर, शोध-अनुसन्धान, र व्यावसायिक अभ्यासका लागि पुस्तकालयको भूमिका अझ महत्वपूर्ण बन्दै गएको छ। विशेषगरी मेडिकल शिक्षा क्षेत्र अत्यन्तै संवेदनशील, जटिल र अनुसन्धान-आधारित भएकाले मेडिकल पुस्तकालय बिना गुणस्तरीय शिक्षा सम्भव छैन। मेडिकल पुस्तकालय केवल पुस्तक पढ्ने स्थान मात्र नभई ज्ञानको भण्डार, अनुसन्धानको आधार, र विद्यार्थी-शिक्षक दुवैका लागि मार्गदर्शक केन्द्र हो। तर, यसको महत्व जति बढ्दो छ, त्यति नै चुनौतीहरू पनि देखापरेका छन्।

### मेडिकल पुस्तकालयको महत्व

मेडिकल शिक्षा सामान्य सिद्धान्तमा मात्र सीमित हुँदैन, यसमा व्यवहारिक ज्ञान र निरन्तर अद्यावधिक जानकारी आवश्यक हुन्छ। पुस्तकालयले पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, मेडिकल जर्नल, अनुसन्धानपत्र, र अडियो-भिजुअल स्रोत उपलब्ध गराएर विद्यार्थीलाई गहिरो अध्ययनमा सहयोग गर्छ। गुणस्तरीय शिक्षाको एउटा महत्वपूर्ण आधार पुस्तकालय पनि हो ।

चिकित्सा विज्ञानको क्षेत्रमा हरेक क्षण नयाँ रोग, नयाँ उपचार पद्धति, नयाँ प्रबिधी, नयाँ औषधि तथा नयाँ अनुसन्धानका नतिजा आइरहेका हुन्छन्। ति नयाँ आयामहरुको बारेमा पुस्तकालयमा उपलब्ध अन्तर्राष्ट्रिय जर्नल, डेटाबेस र डिजिटल स्रोतहरूले अनुसन्धानकर्तालाई जानकारी गराइरहेको हुन्छ । यसरी पुस्तकालयले चिकित्सा विज्ञानका विद्यार्थी तथा सोधकर्ताहरुलाई विश्वस्तरीय सुचनाहरु उपलब्ध गराउने काम गरीरहेको हुन्छ । यसले नयाँ आविष्कार र अनुसन्धानलाई गति दिन्छ।

डाक्टर, नर्स, टेक्निसियन वा अन्य स्वास्थ्यकर्मी बन्ने विद्यार्थीलाई केवल कक्षा वा प्रयोगशालाबाट मात्र पर्याप्त ज्ञान प्राप्त हुँदैन। पुस्तकालयले उनीहरूलाई अतिरिक्त अध्ययनको अवसर दिन्छ, गुणस्तरीय शिक्षा प्राप्त गर्नमा सहयोग गर्दछ, जसले गर्दा भविष्यमा उनीहरू सक्षम र दक्ष स्वास्थ्यकर्मी बन्न सक्षम हुन्छन्।

स्वास्थ्यकर्मी वा डाक्टर बनीसके पछि पनि सिकाइ रोकिँदैन। जीवनपर्यन्त सिकाइमा पुस्तकालय महत्त्वपूर्ण माध्यम हो। रोगको निदान वा उपचार पद्धतिमा नयाँ नयाँ आयामहरु आउँदै गर्दछ भने पुस्तकालयले चिकित्सकलाई निरन्तर अपडेट हुन मद्दत गर्छ।

आज धेरै मेडिकल पुस्तकालयहरूले ई-लाइब्रेरी वा डिजिटल डेटाबेस उपलब्ध गराइरहेका छन्। पवमेड, डब्लुयचओ लाइब्रेरी, हिनारी, अगोरा, एआरडीआइ, गौली, ओएआरइ, नेपजोल, एसियाजोल आदी जस्ता निःशुल्क ई-बुक्स र ई-जर्नल स्रोतहरूले विश्वस्तरीय ज्ञानलाई नेपालका विद्यार्थी वा शिक्षकले पनि सहज रूपमा प्रयोग गर्न सक्छन्।

### मेडिकल पुस्तकालयका चुनौतीहरू

नेपाल जस्ता विकासशील देशका मेडिकल पुस्तकालयहरूमा नवीनतम पुस्तक वा जर्नलहरूको अभाव हुन्छ। चिकित्सा क्षेत्र निरन्तर अपडेट भइरहेकाले पुराना पुस्तकहरूले मात्र पर्याप्त हुँदैन। यो क्षेत्रमा हरेक पल नयाँ नयाँ आविस्कारहरु भइरहने हुनाले ति सबै नयाँ प्रकाशित पुस्तक, जर्नल वा रिपोर्टहरुलाई तुरुन्त पुस्तकालय सकलन गर्न सकिदैन, त्यसैले मेडिकल लाइब्रेरीहरुमा साधन, स्रोत र सामग्री अभाव हुनु स्वाभाविक नै हो । इ-लाइब्रेरी मार्फत केही हद सम्म ति अभावहरुको पुर्ती गर्ने कोशीस गरिरहेको हुन्छ ।

नवीनतम मेडिकल पुस्तकहरू, जर्नलहरू र डिजिटल डाटाबेसहरू बिदेशमा प्रकाशित हुने हुँदा अत्यन्तै महँगा हुन्छन्। मेडिकल कलेजले पुस्तकालयको लागि मात्र ठूलो बजेट छुट्याउन नसक्दा पुस्तकालय सधैं आर्थिक अभावमा परीरहेको हुन्छ । एध्यपी न्युनतम साधन श्रोतद्वारा पनि इ-लाइब्रेरीको माध्यमबाट होस् वा अन्य डिजिटल माध्याम, डाटावेसहरुको प्रयोग गरेर होस् विद्यार्थी तथा शोधकर्ताहरुको लागि सुचना सकलन गर्ने, पढ्ने र सन्दर्भ सामाग्रीहरु खोज्ने सुबिधा भने उपलब्ध गराइरहेको हुन्छ ।

डिजिटल पुस्तकालय संचालन गर्न पर्याप्त इन्टरनेट, कम्प्युटर, सफ्टवेयर र प्राविधिक जनशक्ति आवश्यक हुन्छ। तर धेरै पुस्तकालयमा प्राविधिक दक्षताको अभाव देखिन्छ।

पुस्तकालयलाई केवल परीक्षा तयारी वा असाइनमेन्ट तयार गर्ने बेला मात्र प्रयोग गर्ने प्रवृत्ति देखिन्छ। निरन्तर अध्ययन गर्ने संस्कारको कमीले पुस्तकालयको महत्व घटिरहेको पाहिन्छ । त्यसैले बिद्यार्थी र शिक्षक दुबैलाई पुस्तकालय प्रयोग गर्न उत्प्रेरणा जगाइरहनु पर्दछ ।

विद्यार्थीको संख्या बढ्दा पुस्तकालयको पूर्वाधार पर्याप्त नहुने समस्या सिर्जना हुनसक्छ । त्यसैले विद्यार्थीको अनुपात अनुसार लाइब्रेरीको अध्ययन कक्ष, बस्ने शान्त ठाउँ र प्रयोगमैत्री वातावरण लगाएत स्थान र पुर्वाधार बढाउनु पर्ने हुन्छ ।

धेरैजसो आधुनिक चिकित्सा साहित्य अंग्रेजी भाषामा मात्र उपलब्ध हुन्छ। जसले गर्दा भाषागत कमजोरी भएका विद्यार्थीले प्रयोग गर्न गाह्रो पर्छ। साथै ग्रामीण वा टाढा ठाउँमा रहेका विद्यार्थीहरूले डिजिटल स्रोतमा पहुँच पाउन सक्दैनन्।

### समाधान र सुधारका उपायहरू

मेडिकल कलेजहरुमा पुस्तकालयलाई शैक्षिक जीवनको मेरुदण्ड मानिँदै आएको छ, तर व्यवहारमा पुस्तकालयलाई प्रायः गौण प्राथमिकता दिइएको पाहिन्छ । आधुनिक चिकित्सा शिक्षामा गुणस्तरीय सिकाइ र अनुसन्धानलाई सहज बनाउन पुस्तकालयमा अद्यावधिक पुस्तक, ई-जर्नल, डेटाबेस, आधुनिक सफ्टवेयर, इन्टरनेट सुविधा र दक्ष पुस्तकालयकर्मी आवश्यक पर्छन्। यी सबै व्यवस्थापन गर्न पर्याप्त बजेटको आवश्यकता हुन्छ। त्यसैले मेडिकल कलेजहरूले वार्षिक बजेट तयार गर्दा पुस्तकालयलाई शैक्षिक संरचनाको अत्यावश्यक आधारभूत अङ्गका रूपमा हेरी पर्याप्त रकम छुट्याउनुपर्छ। यसले विद्यार्थी र अध्यापक दुवैलाई गुणस्तरीय शैक्षिक स्रोत उपयोग गर्न सहज बनाउनेछ, अनुसन्धानलाई बढावा दिनेछ र अन्ततः कलेजकै शैक्षिक स्तर र प्रतिष्ठा उकास्नेछ।

डिजिटल पुस्तकालयको विस्तार आधुनिक मेडिकल शिक्षा र अनुसन्धानको आवश्यकता बनेको छ। परम्परागत पुस्तकालयमा मात्र निर्भर रहँदा विद्यार्थी र शिक्षकलाई नयाँ अनुसन्धान, जर्नल तथा चिकित्सा विज्ञानमा भएका नवीनतम प्रगति सजिलै प्राप्त गर्न कठिन हुन्छ। त्यसैले ई-लाइब्रेरी, ई-जर्नल, र खुला पहुँच (इउभल ब्अअभकक) स्रोतहरूको प्रयोगलाई प्राथमिकता दिनुपर्छ। यसले विद्यार्थीलाई कुनै पनि समयमा, जहाँसुकै बसेर अध्ययन गर्ने सुविधा दिन्छ, अध्यापकलाई अध्यापन सामग्री अद्यावधिक गर्न सहयोग पुऱ्याउँछ, साथै अनुसन्धानकर्तालाई विश्वव्यापी स्तरमा प्रकाशित निःशुल्क स्रोतहरूमा पहुँच दिलाउँछ। यसरी डिजिटल पुस्तकालय विस्तारले समय, स्रोत र स्थानको बाधा हटाइ शैक्षिक गुणस्तर वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

सहयोगात्मक साझेदारी मेडिकल पुस्तकालयको स्तर उकास्ने एउटा प्रभावकारी उपाय हो। राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका प्रतिष्ठित मेडिकल संस्थासँग सहकार्य गर्न सकेमा स्रोत, जर्नल, अनुसन्धान सामग्री तथा तालिमका अवसरहरू साझा गर्न सकिन्छ। यस्तो साझेदारीले पुस्तकालयमा स्रोतको कमीलाई भरपाई गर्ने मात्र होइन, विद्यार्थी र अनुसन्धानकर्तालाई विश्वस्तरीय ज्ञान र अनुसन्धानसँग जोड्ने अवसर पनि दिन्छ। साथै, विभिन्न संस्थाबीच अनुभव आदान-प्रदान, नयाँ प्रविधि अपनाउने, र पुस्तकालय व्यवस्थापनमा नवीनतम अभ्यासहरू सिक्ने वातावरण तयार हुन्छ। यसले मेडिकल शिक्षा र अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्डसम्म पुऱ्याउने आधार तयार गर्नेछ।

निरन्तर अद्यावधिक मेडिकल पुस्तकालयको गुणस्तर र प्रभावकारिताको प्रमुख आधार हो। चिकित्सा विज्ञान लगातार विकसित भइरहेको क्षेत्र भएकाले नयाँ अनुसन्धान, उपचार विधि, औषधि विकास तथा प्राविधिक नवप्रयोगहरूबारे अद्यावधिक जानकारी पाउनु अनिवार्य हुन्छ। अनुसन्धानकर्तालाई आफ्नो कामलाई अन्तर्राष्ट्रिय स्तरसम्म लैजान प्रेरणा दिन्छ। निरन्तर अद्यावधिक प्रणालीले पुस्तकालयलाई स्थिर नभई जीवन्त, सक्रिय र समयानुकूल बनाउन महत्वपूर्ण भूमिका खेल्छ। त्यसैले पुस्तकालयले नियमित रूपमा नयाँ पुस्तक, जर्नल, अनुसन्धान सामग्री र ई-स्रोतहरू थपिरहनुपर्छ।

विद्यार्थी र शिक्षकलाई पुस्तकालय प्रयोगमा सक्रिय बनाउन प्रोत्साहन अत्यन्त जरुरी छ। यसका लागि पुस्तकालय प्रयोगलाई केवल वैकल्पिक नभई शैक्षिक प्रक्रियाको अनिवार्य अङ्ग बनाउनुपर्छ। उदाहरणका लागि, रिसर्च असाइनमेन्ट, प्रोजेक्ट वर्क वा केस स्टडीमा पुस्तकालयका स्रोत प्रयोग गर्नुपर्ने शर्त राख्न सकिन्छ। यसरी विद्यार्थीलाई अनुसन्धान तथा अध्ययनमा पुस्तकालयसँग जोड्दा उनीहरूको शैक्षिक क्षमतामा गुणात्मक सुधार आउँछ। त्यस्तै, शिक्षकलाई पनि आफ्नो पाठ्यक्रम सामग्री तयार गर्दा पुस्तकालयका नवीनतम स्रोत उपयोग गर्न प्रेरित गर्नुपर्छ। यस्तो अभ्यासले विद्यार्थी-शिक्षक दुवैलाई पुस्तकालयमा नियमित संलग्न गराउँछ, अनुसन्धानमुखी वातावरण विकास गर्छ, र अन्ततः कलेजको शैक्षिक स्तरलाई अझ प्राज्ञिक र प्रतिस्पर्धात्मक बनाउन मद्दत पुऱ्याउँछ।

# ‘राज्यले सर्वोत्कृष्ट कर्मचारी पाउन नसक्नुले सुशासन कायम नभएको सङ्केत गर्छ’



कर्णाली । राज्यले यस वर्ष पनि सर्वोत्कृष्ट कर्मचारी पाउन नसक्नु भनेको सार्वजनिक निकायमा सुशासन कायम गर्न नसकेकोतर्फ सङ्केत गर्ने सरोकार भएकाहरूले बताएका छन् ।

निजामती सेवा दिवसका अवसरमा सुर्खेतको वीरेन्द्रनगरमा आइतबार आयोजित दिवस समारोहमा सहभागीहरूले आ-आफ्नो जिम्मेवारी बोध गरी मर्यादामा रहेर सबैले काम गरेमा सर्वोत्कृष्ट कर्मचारी प्रशस्त भेटिनेमा जोड दिएका हुन् ।

सुर्खेत जिल्ला अदालतका न्यायाधीश दिपक ढकालले करिब एक दशकसम्म सर्वोत्कृष्ट कर्मचारी राज्यले पाउन नसक्नु दुःखद् विषय भएको बताउनुभयो । विसं २०७३ पछि राज्यले सर्वोत्कृष्ट कर्मचारी भनेर पुरस्कृत गर्न नसकेको जनाउँदै “के राज्यमा सर्वोत्कृष्ट पुरस्कार दिन लायकका कर्मचारी छैनन ?”, उहाँले प्रश्न गर्नुभयो ।

उहाँले सरकारले मुलुकमा सकारात्मक काम गर्ने कर्मचारी खोजेर पुरस्कृत गर्ने र गलब गर्नेलाई दण्डित गर्ने संस्कृति र पद्दतिको विकास गरेमा सुशासन कायम हुने धारणा राख्नुभयो । यसका लागि सबै सरोकार भएकाहरूले पदीय जिम्मेवारीअनुसार पारदर्शी रूपमा कार्यसम्पादन गर्नुपर्नेमा न्यायाधीश ढकालले जोड दिनुभयो ।

कर्णाली प्रदेश सरकारका निमित्त प्रमुख सचिव लक्ष्मीबहादुर विकले राजनीतिक नेतृत्व र सरकारले जनअपेक्षामुखी काम गर्न सकेमात्र जनताको जीवनस्तरमा सुधार आउने धारणा राख्नुभयो । जनताको जीवनमा सकारात्मक परिवर्तन हुँदै भएमा राज्यप्रति विश्वास बढ्दै जाने उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्यायले सेवा प्रभावबाट सुशासन कायम गरी जनताको मुहारमा खुसी ल्याउनसक्ने अवस्थाले ‘ व्यावसायिक र सिर्जनशील प्रशासन, विकास समृद्धि र सुशासन’ भन्ने नाराले सार्थकता पाउने धारणा राख्नुभयो । उहाँले मुलुकको विकास, समृद्धि र उन्नतिका लागि राजनीति र प्रशासनबीच मित्रताको सम्बन्ध स्थापित हुनुपनमा जोड दिनुभयो ।

प्रजिअ उपाध्यायले भन्नुभयो, “स्थायी सरकार र राजनीतिज्ञबीच सुमधुर सम्बन्ध हुन जरुरी छ । दुवै पक्षबीचको सम्बन्ध, सहकार्य र समन्वयमा सुशासनसहित पारदर्शी र उत्तरदायी सेवा प्रवाहमा ऊर्जा प्राप्त हुन्छ ।”

आइतबारै प्रमुख जिल्ला अधिकारीसहित ३४ जनाले रक्तदान गरेका जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत हितप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार डिभिजन वन कार्यालय र वीरेन्द्रनगर नगरपालिकाको समन्वयमा आज भानुपार्कको उत्तरमा रहेको पुरातात्विकस्थलमा ५२ वटा पारिजातका बिरुवा रोपिएको छ ।

त्यस्तै, दिवसका अवसरमा कार्यालय प्रमुखद्वारा रकम सङ्कलन गरी मानव सेवा आश्रम र प्रशान्ति वृद्धाश्रम सुर्खेतमा खाद्यान्न वितरण गरिएको छ । त्यसैगरी, नेपाल निजामती कर्मचारी युनियनले प्रशान्ति वृद्धाश्रम र नेपाल निजामती कर्मचारी सङ्गठनले मानव सेवा आश्रमका आश्रितलाई भोजन गराएको प्रशासकीय अधिकृत पौडेलले जनाउनुभयो ।रासस

# महिला सरकारी वकिलको प्रथम राष्ट्रिय सम्मेलन सोमबारदेखि

काठमाण्डु । नेपालका महिला सरकारी वकिलको प्रथम राष्ट्रिय सम्मेलन सोमबारदेखि सुरु हुँदैछ । ‘महिला सरकारी वकिलको सशक्तीकरण फौजदारी न्याय प्रणालीको सुदृढीकरण’ मूल नाराका साथ यही भदौ २३ र २४ गते सञ्चालन हुनेछ ।

महान्यायाधिवक्ताको कार्यालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उक्त सम्मेलनको उद्घाटन सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधानमल्लले गर्नुहुने सहन्यायाधिवक्ता मीना गुरुङले जानकारी दिनुभयो । सम्मेलनमा सम्पूर्ण महिला सरकारी वकिलबीच एकआपसमा अनुभव आदानप्रदान गरी पेसागत अनुभव, चुनौती र अवसरबारे गहन छलफल हुने उहाँले बताउनुभयो । “यो सम्मेलन महिला सरकारी वकिलको आवाजलाई राष्ट्रियस्तरमा स्थापित गर्ने ऐतिहासिक कदमका रूपमा लिएका छौं”, उहाँले भन्नुभयो, “महिला सरकारी वकिल सशक्त भएमा फौजदारी न्यायप्रणाली थप सुदृढ र विश्वसनीय हुन्छ भन्ने आशाका साथ यो सम्मेलनको आयोजना हुन गइरहेको छ, यो आशा शब्दमा मात्र सीमित छैन, जीवनशैली र जिम्मेवारी बन्नेछ भन्नेमा सरकारी वकिल दृढ विश्वस्त छौं ।”



सम्मेलनमा महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालय तथा अन्य निकायमा कार्यरत सबै महिला सरकारी वकिलसहित करिब २५० जनाको सहभागिता रहने जानकारी दिइयो ।

सम्मेलनमार्फत महिला सरकारी वकिलको पेसागत क्षमता अभिवृद्धि र व्यावसायिक विकासका माध्यमबाट फौजदारी न्याय प्रणालीको सुदृढीकरणमा टेवा पुऱ्याउने उद्देश्य राखिएको छ ।

सम्मेलनमा पाँच वटा कार्यपत्र प्रस्तुत हुनेछन् । कार्यपत्रमा मूलतः महिला सरकारी वकिलको वर्तमान अवस्था, महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने महिला सरकारी वकिलको सवालहरू, प्रविधिको प्रयोगबाट हुने कसुरको पीडितको न्यायिक उपचारमा सरकारी वकिलको भूमिका, न्याय सेवामा महिला सरकारी वकिलको सहभागितालगायत मुख्य विषयवस्तुमा केन्द्रित रही प्रस्तुत हुनेछ ।

सम्मेलनमा महत्वपूर्ण विषयवस्तुका रूपमा सरकारी वकिलको पेसागत र दैनिक जिम्मेवारीको सन्तुलनसँग व्यावसायिक क्षमता अभिवृद्धिसँग सम्बन्धित विषयमा समूहगत छलफल हुनेछ । यस सम्मेलनका माध्यमबाट कार्यस्थलमा लैङ्गिक समानता र सुरक्षित वातावरण सुनिश्चित गर्ने बाटो खोजिनेछ ।

सहन्यायाधिवक्ता गुरुङले पेसागत चुनौतीलाई अवसरमा बदल्ने रणनीति तय गरिने बताउनुभयो । महिला सरकारी वकिलको क्षमता र नेतृत्व विकासका लागि ठोस् प्रतिबद्धतासहित घोषणापत्र जारी गरी सम्मेलनको समापन गरिने उहाँले जानकारी दिनुभयो ।

सरकारी वकिल समूहमा सहन्यायाधिवक्ता चार, उपन्यायाधिवक्ता ३२ र सहायक न्यायाधिवक्ता ११२ गरी १४८ जना रहेका छन् । यो कूल ५२१ जना दरबन्दीको २८ दशमलव ४० प्रतिशत हो । हाल सरकारी वकिल ५०२ जना रहँदा कूल कार्यरतमध्ये २९ दशमलव ४८ प्रतिशत महिला वकिलको सङ्ख्या छ । विसं २०५५ देखि सरकारी वकिल समूहमा महिलाको प्रवेश सुरू भएको थियो । चार सहन्यायाधिवक्तामध्ये एक जना कार्यालय प्रमुखका रूपमा रहनुभएको छ ।

सरकारी वकिल समूहमा रहेका कूल ३२ महिला उपन्यायाधिवक्तामध्ये सात जना मात्र जिल्ला सरकारी वकिल कार्यालयको प्रमुखको भूमिकामा कार्यरत हुनुहुन्छ । नेपालको पहिलो महिला सरकारी वकिलको नाम शारदा बज्राचार्य हो । विसं २०२९ पुस १३ मा सेवा प्रवेश गरी सचिवसम्मको काम गरेर विसं २०५८ साल भदौ २९ गते उहाँ अवकाश हुनुभएको थियो ।

सम्मेलनमा सर्वोच्च अदालतका न्यायाधीशहरू, राष्ट्रिय महिला आयोगको अध्यक्ष, महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ताहरू, नेपाल न्याय सेवाका महिला सचिव तथा सहसचिवहरू, उच्च अदालत पाटन अनि उपत्यकाको जिल्ला अदालतमा कार्यरत सबै महिला न्यायाधीशहरू, नेपाल बार एशोसियसनको उपाध्यक्षलगायत न्याय सेवाका विशिष्ट व्यक्तित्वहरूका साथै सरोकारभएकानिकायकाप्रतिनिधि पर्यवेक्षकका रूपमा सहभागिता रहनेछ । सम्मेलनको समापन मङ्गलबार न्यायाधीश शारङ्गा सुवेदीले गर्नुहुनेछ । सम्मेलनले काठमाडौं घोषणापत्रसमेत जारी गर्ने जनाइएको छ । रासस

# उपभोग्यवस्तुको सहज आपूर्ति व्यवस्था मिलाउन मुख्यसचिव अर्यालको निर्देशन

काठमाण्डु । मुख्यसचिव एकनारायण अर्यालले आसन्न चाडपर्वमा उपभोग्यवस्तुको सहज आपूर्तिका लागि बजार अनुगमन र मूल्यवृद्धि नियन्त्रणमा ध्यान दिन निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आइतबार बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७१औं बैठकमा उहाँले उपभोग्यवस्तु सुपथ मूल्यमा सहज रुपमा उपलब्ध गराउन साल्ट ट्रेडिङ कम्पनी लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई निर्देशन दिनुभएको हो ।

मुख्यसचिव अर्यालले भन्नुभयो, “चाडपर्वमा उपभोग्यवस्तुको सहज उपलब्धता, महँगी नियन्त्रण तथा नापतौलमा हुने ठगी नियन्त्रण गर्न संयुक्त बजार अनुगमन आवश्यक छ । यस वर्ष राज्यका सबै संयन्त्रले देखिने गरी काम गर्नुपर्छ । यसमा तपाईंहरु गम्भीर भएर लाग्नुस् ।”

उहाँले प्रमुख जिल्ला अधिकारी, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र व्यापार कम्पनीले संयुक्त अनुगमनका लागि तीन दिनभित्र आवश्यक व्यवस्थापन गर्न निर्देशन दिनुभयो ।

उहाँले बजार अनुगमन, कालोबजारी, अखाद्य वस्तुको बिक्रीवितरण रोक्न सरोकार भएका सबै निकायबीच प्रभावकारी समन्वय जरूरी रहेकामा जोड दिनुभयो । ‘अनलाइन’मार्फत बसको टिकट बिक्री प्रणाली र क्षमताका आधारमा मात्रै टिकट बिक्रीवितरणको व्यवस्था मिलाउन पनि यातायात व्यवस्था विभागलाई मुख्यसचिव अर्यालले निर्देशन दिनुभयो ।

उहाँले शान्तिसुरक्षाको भरपर्दो व्यवस्था गर्न तीनवटै सुरक्षा निकायलाई आग्रह गर्नुभयो । राजस्व छली नियन्त्रण तथा सार्वजनिक बिदामा पनि अत्यावश्यक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउन अर्यालले गृह मन्त्रालयलाई समन्वयका लागि आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “राजस्व छली नियन्त्रण, वस्तु खरिदको वास्तविक बिल बीजकको सुनिश्चित गरिनुपर्छ । वीरगञ्जमा सामान ‘लोड’ हुन्छ । ठमेलमा बिल बन्छ, यो बदमासी कडाइका साथ नियन्त्रण हुनुपर्छ । व्यावसायिक प्रशासनको प्रत्याभूति दिनसक्नुपर्छ । सुनको बदमासीलाई पनि नियन्त्रण गरिनुपर्छ ।”

मुख्यसचिव अर्यालले प्रदेश र स्थानीय तहका प्रमुखले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर बजार अनुगमनलगायत क्रियाकलापमा सक्रियता देखाउनुपर्नेमा जोड दिनुभयो । बैठकबाट भएका निर्णयको कार्यान्वयनको प्रगति समीक्षा गर्न दसैँअगाडि बैठक बस्ने जानकारी दिँदै उहाँले आआफ्नो क्षेत्रमा इमान्दारिताका साथ क्रियाशील हुन सबैलाई सचेत गराउनुभयो ।

बैठकमा गृह सचिव गोकर्णमणि दुवाडीले चाडपर्वमा महँगी र कालोबजारी नियन्त्रणलाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । उहाँले सार्वजनिक यातायातलाई व्यवस्थित गर्न पनि आग्रह गर्नुभयो ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेले चाडपर्वलक्षित खाद्य सहजताका लागि देशभर सुपथ मूल्य पसल खोलिने र आपूर्ति व्यवस्थालाई सहज बनाइने विश्वास दिलाउनुभयो ।

उहाँले उपभोग्य वस्तुको आपूर्ति सहजता र बजार अनुगमनलाई प्रभावकारी बनाइने उल्लेख गर्नुभयो ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव केशवकुमार शर्माले वर्षाले अवरुद्ध सडक सञ्चालन गर्न र सवारी आवागमनलाई व्यवस्थित बनाउन लागिपर्ने बताउनुभयो ।रासस

# फरार तीन प्रतिवादी पक्राउ

काठमाण्डु । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले ज्यान मार्ने उद्योग मुद्दाका फरार तीन प्रतिवादीलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा सिन्धुपालचोकको पाँचपोखरी थाङपाल गाउँपालिका-१ बाँसखर्क घर भई हाल काठमाडौंको गोकर्णेश्वर-५ जोरपाटी बस्ने २८ वर्षीय लोप्साङ बम्जन, नुवाकोटको शिवपुरी गाउँपालिका-१ घर भई काठमाडौंको गोकर्णेश्वर-५ जोरपाटी बस्ने २६ वर्षीय सुमन तामाङ तथा नुवाकोटको शिवपुरी-१ घर भई हाल काठमाडौंको गोकर्णेश्वर-५ जोरपाटी बस्ने ३० वर्षीय कुमार तामाङ रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो । रासस


## धनौजी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा
मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०५।१६**

यस गाउँपालिकाको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



## Invitation for Bids
## Madhesh Institute of Health Sciences
**Janakpurdham, Dhanusha**

**Date of publication: 8th Sep. 2025**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the procurement of supply and delivery of Hospital Pharmacy Medicine Items under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha
**Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha
**Office Code no. :** 3700017022
**Office Account no.:** 1220100026496001
**Rajaswa (revenue) Shirshak no.:** 14229
**Dharauti Khata No.:** 1220100026497001

4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 8th Oct. 2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 8th Oct. 2025 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)

| SN | IFB No. | IFB/Contract Name | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|
| 1. | MIHS/NCB/ GOODS/ 2082-83/04 | The procurement of supply and delivery of Hospital Pharmacy Medicine Items. | 3000/- | 4,76,000/- |


6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities (Itemwise).
8. After Signing Of Contract this rate shall be valid for one fiscal year and bidder must supply the goods as per approved rate there may be decrease or increase in quantity in contract period. Purchaser shall issue the multiple purchase order as per requirement in differents dates.

# लाल सागरमा अन्डरसी केबल काटिँदा एसिया र मध्यपूर्वमा इन्टरनेट अवरुद्ध

**एपी**

दुबई । लाल सागरमा अन्डरसी केबल काटिएपछि एसिया र मध्यपूर्वका केही भागहरूमा इन्टरनेट पहुँच अवरुद्ध भएको विज्ञहरूले आइतबार जनाएका छन् । तर घटनाका कारण भने तुरुन्त स्पष्ट भएको छैन ।

यमनका हुथी विद्रोहीहरूले लाल सागरमा सञ्चालन गर्ने अभियानअन्तर्गत केबलहरूलाई लक्षित गरेको आशङ्का गरिएको छ । उनीहरूले यसलाई गाजा पट्टीमा हमासविरुद्धको युद्ध अन्त्य गर्न इजरायलमाथि दबाब दिने प्रयासको रूपमा व्याख्या गरेका छन् । यद्यपि हुथीहरूले विगतमा यस्ता लाइनहरूमा आक्रमण गरेको कुरा अस्वीकार गरेका थिए ।



स्याटेलाइट जडान र भूमिगत केबलहरूसँगै अन्डरसी केबलहरू इन्टरनेटको मेरुदण्ड मानिन्छन् । सामान्यतया, इन्टरनेट सेवा प्रदायकहरूसँग धेरै पहुँच विन्दु हुन्छन्, जसले कुनै एक असफल भएमा ट्राफिकलाई अर्को बाटोमार्फत सार्न सक्छ । तर यसले प्रयोगकर्ताहरूका लागि इन्टरनेट गति सुस्त पार्ने सम्भावना हुन्छ ।

माइक्रोसफ्टले आफ्नो स्थिति वेबसाइटमार्फत घोषणा गर्दै मध्यपूर्वले 'लाल सागरमा अन्डरसी फाइबर कटका कारण बढेको विलम्बता अनुभव गर्नसक्ने बताएको छ । वासिङ्टनस्थित कम्पनीले विस्तृत जानकारी नदिए पनि मध्यपूर्व बाहेकको ट्राफिक प्रभावित नभएको स्पष्ट पारेको छ ।

इन्टरनेट पहुँच अनुगमन गर्ने नेटब्लक्सले 'लाल सागरमा सबसी केबल आउटेजको शृङ्खलाले भारत र पाकिस्तानसहित धेरै देशहरूमा इन्टरनेट कनेक्टिभिटी बिगारेको बताएको छ । संस्थाले यसका लागि 'साउदी अरबको जेद्दानजिकै एसएमडब्लु४ र आइएमइडब्लुई केबल प्रणालीमा देखिएका विफलताहरू' लाई जिम्मेवार ठहराएको छ ।

दक्षिणपूर्वी एसिया-मध्यपूर्व-पश्चिमी युरोप ४ केबल भारतीय समूह टाटा कम्युनिकेसनले सञ्चालन गर्छ । भारत-मध्यपूर्व-पश्चिमी युरोप केबल भने अल्काटेल-लुसेन्टको निरीक्षणमा अर्को कन्सोर्टियमद्वारा सञ्चालित छ । तर दुवै कम्पनीले यसबारे टिप्पणी गर्न अस्वीकार गरेका छन् ।

पाकिस्तान टेलिकम्युनिकेसन कम्पनी लिमिटेड (पिटिसिएल) ले शनिबार नै विज्ञप्ति जारी गर्दै कटौती भएको पुष्टि गरिसकेको छ । तर साउदी अरेबियाले अहिलेसम्म आधिकारिक रूपमा अवरोधलाई स्वीकार गरेको छैन ।संयुक्त अरब इमिरेट्स (युएई) मा दुबई र अबुधाबीका प्रयोगकर्ताहरूले राज्य स्वामित्वका डु र एतिसालात नेटवर्कमार्फत इन्टरनेट सुस्त भएको गुनासो गरेका छन् । तर सरकारले तत्काल यसबारे कुनै प्रतिक्रिया दिएको छैन ।

सबसी केबलहरू जहाजका लङ्गर खस्दा काटिन सक्ने भए पनि यस्ता घटनामा लक्षित आक्रमणको सम्भावना पनि रहन्छ । क्षतिग्रस्त केबल मर्मत गर्न प्रायः हप्तौँ लाग्छ र जहाजले समुद्रको पिँधमा काटिएको स्थान पहिचान गर्नुपर्छ ।

गाजा पट्टीमा इजरायल-हमास युद्धलाई लिएर यमनका हुथी विद्रोहीहरूले हालै शृङ्खलाबद्ध आक्रमण चालेका थिए । इजरायलले यसलाई हवाई आक्रमणमार्फत जवाफ दिएको थियो, जसमा विद्रोही नेताहरू मारिएका थिए ।

सन् २०२४ को प्रारम्भमै निर्वासनमा रहेको यमनको अन्तर र्राष्ट्रिय मान्यता प्राप्त सरकारले हुथीहरूले लाल सागरका समुद्री केबलहरूमा आक्रमण गर्ने योजना बनाएको आरोप लगाएको थियो । त्यतिबेला पनि केही केबल काटिएका थिए, तर विद्रोहीहरूले जिम्मेवारी लिएका थिएनन् । आइतबार बिहान हुथीहरूको अल-मासिराह स्याटेलाइट समाचार च्यानलले नेटब्लक्सलाई उद्धृत गर्दै कटौती भएको स्वीकार गरेको छ ।

सन् २०२३ नोभेम्बरदेखि सन् २०२४ डिसेम्बरसम्म हुथीहरूले गाजा युद्धसँगै एक सयभन्दा बढी जहाजहरूलाई मिसाइल र ड्रोनमार्फत निशाना बनाएका थिए । ती आक्रमणमा अहिलेसम्म चारवटा जहाज डुबाइएका छन् र कम्तीमा आठ नाविकको मृत्यु भएको छ ।

इरान समर्थित हुथीहरूले छोटो युद्धविराम अवधिमा आक्रमण रोकेका थिए । तर त्यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा एक सातासम्म तीव्र हवाई आक्रमण चलाइएको थियो । त्यसक्रममा हुथीहरूले दुई जहाज डुबाएका थिए, जसमा चार जनाको मृत्यु भएको थियो भने अन्य केही नाविकलाई विद्रोहीहरूले कब्जा गरेको विश्वास गरिन्छ ।

हुथीहरूको नयाँ आक्रमणबीच इजरायल-हमास युद्धमा सम्भावित नयाँ युद्धविरामबारे छलफल भइरहेका छ । त्यस्तै, इजरायलले हालै १२ दिन लामो युद्ध सञ्चालन गर्दै अमेरिकी सहयोगमा इरानका तीनवटा आणविक साइटमा बम प्रहार गरेपछि तेहरानको आणविक कार्यक्रमबारे वासिङ्टन-तेहरान वार्ताको भविष्य पनि अनिश्चित बनेको छ ।

# शिकागोमाथि 'युद्ध' चेतावनी, ट्रम्पको कारबाही धम्की

**एएफपी**

वासिङ्टन । राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार शिकागोमा आफ्नो नयाँ नामकरण गरिएको 'डिपार्टमेन्ट अफ वार' (युद्ध मन्त्रालय) लागू गर्ने धम्की दिनुभएको छ । डेमोक्रेटिक नेतृत्वमा रहेका अमेरिकी सहरहरूमा सेना तैनाथ गर्ने उहाँको दबाबका कारण तनाव झन् बढेको छ ।

यो कदम वासिङ्टनमा भएको अपरेसनको पुनरावृत्ति जस्तै हो, जहाँ ट्रम्पले नेसनल गार्ड सेना तैनाथ गर्नुभएको थियो र सङ्घीय एजेन्टहरूको सङ्ख्या बढाउनुभएको थियो । यसलाई लिएर शनिबार राजधानीमा नयाँ विरोध प्रदर्शन भई हजारौँ मानिस सडकमा ओर्लिएका थिए ।



"शिकागोले छिट्टै थाहा पाउनेछ कि यसलाई युद्ध मन्त्रालय किन भनिन्छ", ट्रम्पले आफ्नो ट्रुथ सोसल खातामा लेख्नुभयो ।"संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले अमेरिकी सहरसँग युद्ध गर्ने धम्की दिनुभएको छ । यो सामान्य होइन, यो मजाक पनि होइन", इलिनोइसका डेमोक्रेटिक गभर्नर जेबी प्रिट्जकरले उक्त पोस्टप्रति आक्रोश प्रकट गर्दै भन्नुभयो, "इलिनोइस कुनै तानाशाहबाट डराउने छैन ।"

ट्रम्पको पोस्टमा उहाँको स्पष्ट एआई-निर्मित छवि र उद्धरण समावेश थियो, "मलाई बिहान निर्वासनको गन्ध मन पर्छ ।" यसले सन् १९७९ को भियतनाम युद्ध फिल्म 'एपोक्यालिप्स नाउ' को सन्दर्भ दिन्छ । उक्त फिल्ममा लेफ्टिनेन्ट कर्नेल बिल किल्गोरले अमेरिकी सेनाले भियतनाममा अत्यधिक ज्वलनशील नापाम हतियार प्रयोग गर्दा 'नापामको गन्ध मन पर्छ' भनेका थिए । उनासी वर्षीय रिपब्लिकन ट्रम्पले अगस्टको अन्त्यदेखि नै शिकागोविरुद्ध धम्की दिँदै आउनुभएको छ । शनिबार शिकागोमा 'यो फासीवादी शासन रोक' भन्ने प्लेकार्डसहित विरोध प्रदर्शन भयो । प्रदर्शनकारीहरूले 'ट्रम्प होइन, कुनै सेना छैन' भन्ने नारासहित ट्रम्प टावर अगाडि असभ्य हावभाव पनि प्रदर्शन गरेका थिए ।

त्यसै दिन वासिङ्टनमा हजारौँको सहभागितामा भएको विरोध मार्चले 'कब्जा अन्त्य' को माग गरेको थियो । प्रदर्शनकारीहरूले उल्टो अमेरिकी झण्डा बोकेका थिए । यो परम्परागत रूपमा राष्ट्र अस्तित्व सङ्कटमा परेको प्रतीक हो ।ट्रम्पले पहिलो पटक जुन महिनामा लस एन्जलसमा सेना र सङ्घीय एजेन्ट तैनाथ गर्नुभएको थियो । त्यसपछि वासिङ्टन र अन्य सहरहरूमा विस्तार गरिएको यो कदम कानूनी चुनौती र तीव्र आलोचनाको विषय बनेको छ । आलोचकहरूले यसलाई बल प्रयोगद्वारा अधिनायकवादी प्रदर्शन भनेका छन् ।

स एन्जलसका स्थानीय अधिकारीहरूले पनि आइसिई एजेन्टहरूको हिंसात्मक रणनीति विरुद्ध आवाज उठाएका थिए । ती एजेन्टहरूले प्रायः मास्क लगाएर, अचिह्नित कार प्रयोग गरेर र बिना कारण वा वारेन्ट मानिसहरूलाई सडकमै पक्रने गर्थे ।शिकागोसहित ट्रम्पले डेमोक्रेटिक नेतृत्वका अन्य सहर–बाल्टिमोर र न्युअर्लिन्समा पनि यस किसिमको कारबाही गर्ने चेतावनी दिनुभएको छ ।

र उहाँले रक्षा मन्त्रालयको नाम आधिकारिक रूपमा युद्ध मन्त्रालयमा परिवर्तन गर्ने आदेशमा हस्ताक्षर गर्नुभयो । "यसले विश्वलाई विजयको सन्देश दिनेछ", उहाँले भन्नुभयो ।पेन्टागन प्रमुख पिट हेग्सेथले यस कदमलाई स्वागत गर्दै अमेरिकाले आफ्नो लक्ष्य पूरा गर्न कुनै सम्झौता नगर्ने र आवश्यकता परे हिंसा प्रयोग गर्ने सङ्केत दिनुभएको छ ।

# गाजामा पीडाबारे इजरायली मिडियामा परिवर्तनशील धारणा

**एपी**

तेल अभिव ।गाजामा जारी युद्धको समाचार इजरायली मिडियामा पछिल्ला दिनमा फरक देखिन थालेको छ ।

गत दुई वर्षको अधिकांश समय इजरायली टेलिभिजनहरूले गाजाको पीडाभन्दा इजरायली वीरता, अपहरणमा परेकाहरूका परिवारको दुःख र लडाइँमा मारिएका सैनिकहरूबारे समाचारलाई प्राथमिकता दिएका थिए ।



तर हाल केही च्यानलहरूले कुपोषित बालबालिकाका तस्बिरदेखि लिएर प्यालेस्टिनीहरूको दैनिक जीवनमा भोगिरहेका कठिनाइबारे रिपोर्ट प्रस्तुत गर्न थालेका छन् ।यो सूक्ष्म परिवर्तन इजरायलमाथि बढ्दो अन्तर्राष्ट्रिय आलोचनाबीच आएको हो, जसले देशभित्रै सैन्य आक्रमण जारी राख्ने कि रोक्ने भन्ने गहिरो विभाजन देखाएको छ । तर बढ्दो प्रदर्शन र मिडिया कभरेजले नीतिमा खासै असर पारेको छैन ।

"यो केवल गाजाको अवस्थाप्रति चासो मात्रै होइन, इजरायलको दृष्टिकोणबाट पनि प्रश्न हो–हाम्रो युद्धको लक्ष्य पूरा गर्ने तरिकाले हामी सही काम गरिरहेका छौँ कि छैनौँ ?", इजरायलको हिब्रू विश्वविद्यालयका सञ्चार विज्ञ एरान अम्सालेमले भन्नुभयो ।प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले युद्ध अन्त्यको माग गर्ने व्यापक आन्दोलनलाई बेवास्ता गर्नुभएको छ । सन् २०२३ अक्टोबर ७ को हमास आक्रमणपछि दुई वर्ष लामो लडाइँका बीच प्यालेस्टिनीहरूको पक्षमा उठेका आवाजहरू अझै कमजोर बनेका छन् ।

## अक्टोबर ७ को धक्का

युद्धका पहिलो दृश्यहरूमा हमासका लडाकूहरूले सीमा तोड्दै इजरायली सैन्य शिविर र बस्तीहरूमा आक्रमण गरेका देखिन्थे । गाजाबाट आएको भिडियोमा अपहृत इजरायलीहरूलाई सडकमा घिसार्दै देखाइएको थियो ।आक्रमणमा अधिकांश सर्वसाधारण गरी करिब एक हजार दुई सय मारिए र दुई सय ५१ जनालाई अपहरण गरियो । हाल करिब ४८ जना अझै गाजामा छन्, जसमा करिब २० जना जीवित रहेको अनुमान छ ।

यसलाई इजरायलको इतिहासमै भयावह आक्रमण भनिन्छ र अझै पनि स्थानीय समाचारमा प्रमुख स्थानमा छ । सुरुका महिनामा इजरायली समाज 'हाम्रो ९/११' भन्दै राष्ट्रिय एकतामा उभिएको थियो । यद्यपि अन्तर्राष्ट्रिय मिडियाले चाँडै गाजामाथिको आक्रमणतर्फ ध्यान खिच्यो ।

"युद्धको अधिकांश समयमा इजरायली मिडियाले गाजाको पीडा, भोकमरी वा विनाशबारे निकै थोरै खबर प्रसारण गरेको थियो", इजरायली समाचार एङ्कर राविभ ड्रुकरले भन्नुभयो, "यदि गरेको थियो भने पनि, त्यो केवल हमासमाथिको आक्रमण कत्तिको प्रभावकारी भयो भन्ने इजरायली दृष्टिकोणमा सीमित रह्यो ।"

इजरायलले युद्ध सुरु भएदेखि सेनाद्वारा नियन्त्रित भ्रमण बाहेक अन्तर्राष्ट्रिय पत्रकारहरूलाई गाजामा प्रवेश दिन बन्देज लगाएको छ । पत्रकार संरक्षण समितिले यसलाई इतिहासकै घातक युद्ध भनेको छ, जसमा कम्तीमा एक सय ८९ प्यालेस्टिनी पत्रकार इजरायली आक्रमणमा मारिएका छन् ।

## गाजाको पीडा देखाउने जोखिम

गाजाको मानवीय सङ्कटबारे बोल्ने केही पत्रकारहरू आलोचनाको शिकार भएका छन् ।समाचार एङ्कर योनीत लेवीले जुलाईमा अकालसम्बन्धी रिपोर्टमा 'यो केवल प्रचारको असफलता होइन, नैतिक असफलता पनि हो' भनेपछि उहाँलाई केही विश्लेषकहरूले 'हमासको प्रवक्ता' र 'सैनिकको अनुहारमा थुक्ने' व्यक्ति भनेर आरोप लगाएका थिए ।

दक्षिणपन्थी च्यानलहरूले भने नियमित रूपमा प्यालेस्टिनीहरू मारिएको र घरहरू भत्काइएकोमा खुसी व्यक्त गर्दै आएका छन् र 'गाजामा निर्दोष नागरिक छैनन्' भन्दै अझै कडा कारबाही गर्नुपर्ने तर्क गर्छन् ।गाजा स्वास्थ्य मन्त्रालयका अनुसार आक्रमणमा ६४ हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन् । यो मन्त्रालय हमासद्वारा सञ्चालित भए पनि तथ्याङ्कलाई संयुक्त राष्ट्रसङ्घ र स्वतन्त्र विज्ञहरूले विश्वसनीय मान्छन् । इजरायलले भने यी तथ्याङ्क अस्वीकार गरे पनि आफ्ना आँकडा सार्वजनिक गरेको छैन ।

यसैबीच, इजरायली पत्रकार ज्भी येहेज्केलीले हालै अस्पतालमा पाँच पत्रकार मारिएको आक्रमणलाई स्वागत गर्दै उनीहरू 'हमाससँग मिलेर झूटा समाचार फैलाउँदै थिए' भन्ने दाबी गर्नुभयो । तर इजरायली सेनाले ती पत्रकारहरू कुनै पनि लडाकू नभएको स्पष्ट पारेको छ । मारिनेमा एपीका लागि काम गर्ने मरियम दग्गा पनि हुनुहुन्थ्यो ।

## परिवर्तनको संकेत

यद्यपि अझै सीमित भए पनि पछिल्ला हप्ताहरूमा केही प्रमुख मिडियामा प्यालेस्टिनीहरूको अवस्थाबारे लामो रिपोर्ट आउन थालेका छन् ।इजरायली टेलिभिजनहरूले यस वर्षको दुई महिना १५ दिनको मानवीय सहायता प्रतिबन्धका कारण बढेको भोकमरी सङ्कटलाई पनि रिपोर्ट गरेका छन् । केही कार्यक्रममा गाजावासीहरूसँगको अन्तर्वार्ता देखाइएको छ, तर उनीहरूको सुरक्षाका कारण अनुहार ढाकिएको हुन्छ ।

वामपन्थी दैनिक 'हारेत्ज' का पत्रकार निर हासोनलगायतले युद्धअघि र युद्धका क्रममा निरन्तर प्यालेस्टिनीहरूको पक्षमा समाचार लेख्दै आउनुभएको छ, जसले हालको इजरायली मिडिया परिदृश्यमा अपवादको रूपमा स्थान पाएको छ ।

"अक्टोबर ७ पछि केही भङ्ग भयो र प्रतिपक्षको पीडाबारे कुरा गर्नु पूर्ण रूपमा अवैध जस्तो वातावरण बनाइयो", हासोनले भन्नुभयो, "तर म बुझ्छु, इजरायली जनताले सुन्न सक्ने क्षमता राख्छन् । समस्या भने मिडियाले आफैँलाई धेरै रोक लगाइरहेको हो ।"

# जापानका प्रधानमन्त्री इशिबाद्वारा राजीनामा दिने घोषणा

**एएफपी**

टोकियो । जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आइतबार आफू सत्तामा बसेको एक वर्ष नपुग्दै पदबाट हट्ने घोषणा गर्नुभएको छ ।उहाँको घोषणाले विश्वको चौथो ठूलो अर्थतन्त्रका लागि नयाँ अनिश्चितता थपेको छ । यसबेला जापान बढ्दो खाद्य मूल्यसँग जुधिरहेको छ र आफ्नो महत्त्वपूर्ण अटो क्षेत्रमा अमेरिकी भन्सार शुल्कको असर बेहोरिरहेको छ ।



"अब अमेरिकी करसम्बन्धी वार्ता निष्कर्षमा पुगेको छ, म विश्वास गर्छु यो उपयुक्त क्षण हो", इशिबाले पत्रकार सम्मेलनमा भन्नुभयो, "मैले पछि हट्ने र नयाँ पुस्ताका लागि बाटो बनाउने निर्णय गरेको छु ।"अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत बिहीबार जापानी अटोहरूमा कर घटाउने आदेशमा हस्ताक्षर गर्नुभएको थियो । वासिङ्टनले जुलाईमा टोकियोसँग भएको व्यापार सम्झौता कार्यान्वयन गर्न अघि बढेसँगै यो कदम आएको हो ।

यद्यपि, जापानी अटोहरूले हालको २७ दशमलव पाँच प्रतिशतको सट्टा अब १५ प्रतिशत करु तिर्नुपर्नेछ, जसले अझै पनि प्रमुख उद्योगमा ठूलो दबाब सिर्जना गर्ने बताइएको छ ।लामो समयदेखि प्रभावशाली लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को सुरक्षित नेताका रूपमा परिचित ६८ वर्षीय इशिबा सन् २०२४ सेप्टेम्बरमा पार्टी नेतृत्व जितेर सन् २००० पछि एलडिपीको १० औं प्रधानमन्त्री बन्नुभएको थियो ।

मिडिया रिपोर्टअनुसार, इशिबाले पार्टी विभाजनलाई रोक्न राजीनामा गर्ने निर्णय गर्नुभएको हो । शनिबार राति कृषिमन्त्री र एक पूर्वप्रधानमन्त्रीले उहाँलाई स्वेच्छिक रूपमा पद त्याग गर्न आग्रह गर्नुभएको थियो । गत हप्ता पार्टीका नम्बर दुई हिरोशी मोरियामासहित चार वरिष्ठ अधिकारीले पनि राजीनामा दिन सुझाव दिनुभएको थियो ।

जुलाईमा भएको माथिल्लो सदनको निर्वाचनमा हारपछि विपक्षीहरूले इशिबालाई चुनावी नतिजाको जिम्मेवारी लिएर पद त्याग गर्न दबाब दिइरहेका थिए । यस कदमलाई ८४ वर्षीय प्रभावशाली पूर्वप्रधानमन्त्री तारो एसोले समेत समर्थन गरेको जनाइएको छ ।

पार्टी नेताका रूपमा इशिबाको कार्यकाल सन् २०२७ सेप्टेम्बरसम्म रहने प्रावधान थियो । तर अब उत्तराधिकारीका लागि प्रतिस्पर्धा सुरु हुने देखिएको छ । इशिबाका प्रमुख प्रतिद्वन्द्वी साने ताकाइचीले मङ्गलबार प्रतिस्पर्धामा उत्रने घोषणा गर्नुभयो । उहाँलाई कट्टर राष्ट्रवादी नेताका रूपमा हेरिन्छ । सन् २०२४ को नेतृत्व निर्वाचनमा उपविजेता बनेका हाकिस ताकाइची भने मतदातामाझ कम लोकप्रिय देखिनुभएको छ ।

अगस्टको अन्त्यमा गरिएको निक्केई सर्वेक्षणले ताकाइचीलाई इशिबाको सबैभन्दा उपयुक्त उत्तराधिकारीका रूपमा देखाएको छ । त्यसपछि कृषिमन्त्री सिन्जिरो कोइजुमीको नाम आउँछ । तर सर्वेक्षणमा सहभागी ५२ प्रतिशतले नेतृत्व प्रतिस्पर्धा अनावश्यक भएको बताएका छन् ।यसैबीच, सामाजिक सञ्जालमा प्रयोगकर्ताहरूले इशिबालाई समर्थन जनाउँदै 'इशिबा डन्ट क्विट' ह्यासट्यागमार्फत पदमा रहिरहन आग्रह गरेका छन् ।

एलडिपीले सन् १९५५ देखि लगभग निरन्तर शासन गर्दै आएको भए पनि हाल मतदाताहरूले पार्टी त्यागेर लोकप्रिय सान्सितो जस्ता सीमान्त समूहतर्फ आकर्षित भइरहेका छन् । यसको कारण बढ्दो मूल्य, विशेष गरी चामल, खस्कँदो जीवनस्तर र पार्टीभित्रका भ्रष्टाचार घोटालाप्रति असन्तोष रहेको विश्लेषकहरूले बताएका छन् ।

# युद्धको सबैभन्दा ठूलो हवाई आक्रमणमा रुसले किएभस्थित युक्रेन सरकारको सिटमा प्रहार

**एएफपी**

किएभ ।रुसले आइतबार बिहान युक्रेनमा युद्धको सुरुदेखिको सबैभन्दा ठूलो हवाई आक्रमण सञ्चालन गरेको छ । यस आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको छ भने किएभस्थित युक्रेन सरकारको सिटमा आगलागी भएको अधिकारीहरूले जनाएका छन् ।

एएफपीका एक पत्रकारका अनुसार युक्रेनको मन्त्रिपरिषद् भवनको छतमा आगो लागेको थियो र राजधानीमाथि बाक्लो धुवाँ उडिरहेको देखिन्थ्यो । आपत्कालीन सेवाले ड्रोन आक्रमणका कारण किएभका धेरै अग्ला भवनहरूमा क्षति पुगेको पुष्टि गरेको छ ।

साढे तीन वर्षदेखि जारी युद्ध अन्त्य गर्ने प्रयासमा संयुक्त राज्य अमेरिकाले शान्ति सम्झौतामा मध्यस्थता गरे पनि रुसले कुनै लचकता देखाएको छैन । युरोपेली राष्ट्रहरूले भने हालै मात्र फ्रान्स र बेलायतको नेतृत्वमा शान्ति सम्झौता कार्यान्वयन गर्न गस्ती सेना तैनाथ गर्ने वाचा गरेका थिए, तर



मस्कोले यसलाई अस्वीकार्य ठहर गरेको छ ।

युक्रेनको मन्त्रिपरिषद् परिसरमा भएको यो प्रहार युद्धको पहिलो यस्तो आक्रमण हो । घटनास्थलमा पुगेका एएफपीका पत्रकारले उद्धारकर्ताहरूले हेलिकप्टरमार्फत पानी खसाल्दै आगो नियन्त्रणमा लिने प्रयास गरेको देखेका थिए ।

"शत्रुको आक्रमणका कारण भवनको छत र माथिल्लो तल्ला क्षतिग्रस्त भएको छ । उद्धारकर्ताहरूले आगो निभाइरहेका छन्", प्रधानमन्त्री युलिया स्विरिडेन्कोले टेलिग्राममा लेख्नुभयो, "हामी भवनहरू पुनर्निर्माण गर्नेछौँ तर गुमेको जीवन फर्काउन सक्दैनौँ । शत्रुहरूले हरेक दिन हाम्रो जनतालाई आतङ्कित पारिरहेका छन् ।" युक्रेनी वायु सेनाका अनुसार रुसले शनिबार रातिदेखि आइतबार बिहानसम्म युक्रेनमा कम्तीमा आठ सय पाँच ड्रोन र १३ क्षेप्यास्त्र प्रहार गरेको थियो ।

## शिशुको मृत्यु

एएफपीका पत्रकारहरूले आइतबार बिहान राजधानीमा ठूला विस्फोट सुनेका थिए । किएभको पश्चिममा रहेको नौ तले आवासीय भवनमा भएको आक्रमणमा एक आमा र उनकी दुई महिनाको शिशुको मृत्यु भएको अभियोजकहरूले जनाएका छन् । प्रहरीका अनुसार एक दर्जनभन्दा बढी घाइते भएका छन् ।युक्रेनको उद्धार सेवाले भवनमा लागेको आगलागी र त्यसबाट निस्किरहेको धुवाँका तस्बिर सार्वजनिक गरेको छ ।

दुई दर्जनभन्दा बढी युरोपेली देशहरूले युद्ध अन्त्य गर्ने सम्भावित सम्झौतामा गस्ती गर्ने वाचा गरेका छन् । कतिपयले भूमिगत सेना पठाउने वचनसमेत दिएका छन् । किभले भविष्यमा रुसले पुनः आक्रमण नगर्न सुनिश्चित गर्न पश्चिमी सेनाको समर्थनमा सुरक्षा ग्यारेन्टीहरू अत्यावश्यक हुने बताउँदै आएको छ । तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा कुनै पनि पश्चिमी सेना अस्वीकार्य हुने र त्यसलाई 'वैध' लक्ष्य ठहरिने चेतावनी दिनुभएको छ ।

# आयआर्जनमा टेवा पुर्याउन पुरैनातालमा माछापालन

कञ्चनपुर, । शुक्लाफाँटा नगरपालिका-९ मा अवस्थित वृन्दावन सामुदायिक वनभित्र रहेको प्राकृतिक पुरैनातालमा व्यावसायिक रूपमा माछापालन गरिएको छ । उपभोक्ताको आयआर्जनमा टेवा पुर्याउने उद्देश्यसहित सामुदायिक वन उपभोक्ता समितिले माछापालन गरेको हो ।

सामुदायिक वनका अध्यक्ष मोहनसिंह ऐरका अनुसार तालमा रोहु, कमन र ग्रास जातका गरी २५ हजार माछाका भुरा राखेर माछापालन गरिएको छ । "हाल प्रोत्साहन गर्न प्रयोग गरिनेछ ।

"पहिलो प्राथमिकता वन संरक्षण र विकासलाई दिएका छौँ", अध्यक्ष ऐरले बताउनुभयो, "छ किलोमिटर क्षेत्रमा मेसवायर जडान गरिनेछ, त्यसपछि कृषि तथा पशुपालनमा लगानी हुनेछ ।" गर्मीयाममा अकासे पानी मात्रमा निर्भर तालमा पानी सुक्ने समस्या देखिएको छ ।

"अटोजन बोरिङको व्यवस्था भएमा तालमा एकनासको पानी आपूर्ति गर्न सकिनेछ", अध्यक्ष ऐरले भन्नुभयो, "यसका



माछाको तौल एक किलोदेखि दुई किलोसम्म पुगिसकेको छ", अध्यक्ष ऐरले भन्नुभयो, "दसैँतिहारको समयमा बिक्रीका लागि निकाल्ने योजना बनाएका छौँ ।"

तालबाट दुई सयदेखि दुई सय ७५ क्विन्टल माछा उत्पादन हुने उहाँले बताउनुभयो । उहाँका अनुसार माछा बिक्रीबाट सङ्कलित आम्दानी वन क्षेत्रमा मेसवायर जडान, विपन्न परिवारका बालबालिकालाई छात्रवृत्ति, र उपभोक्तालाई तरकारीखेती र पशुपालनतर्फ लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई आवश्यक बजेटका लागि आग्रह गरेका छौँ ।"

वृन्दावन सामुदायिक वन क्षेत्रमा पुरैना, लरङ्गा र अजिङ्गर ताल रहेका छन् ।

पुरैनाताल पूरै सुक्दैन, तर बाँकी दुई तालमा गर्मीयाममा पानी सुक्ने समस्या देखिन्छ । तीनै तालमा बाह्रै महिना पानी रहने व्यवस्था मिलाइएमा यो क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना रहेको अध्यक्ष ऐर बताउनुहुन्छ ।रासस

# पातपतिङ्गरबाट जैविक मल उत्पादन

गण्डकी । प्राकृतिक स्रोतको उचित उपयोग गर्ने हो भने स्वदेशमै अवसर सृजना गर्न सकिन्छ भन्ने यहाँको एक सामुदायिक वन समूहले उदाहरण दिएको छ । पोखरा महानगरपालिका-१८ सराङकोटस्थित ठोट्नेखोला सामुदायिक वन समूहले जङ्गलमा थुप्रिएका घाँस, पातपतिङ्गर र झाडी प्रयोगबाट जैविक मल उत्पादन गरेर यतिखेर सबैका लागि अनुकरणीय बनेको हो ।

जलवायु परिवर्तनलाई स्थानीय अनुकूलन र वन वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै प्राकृतिक स्रोतलाई हरित रोजगार सृजना गरी आयआर्जन गर्ने लक्ष्यका साथ सुरु गरिएको उक्त उद्यमबाट यस वर्ष ३५ हजारभन्दा बढी किलो मल उत्पादन गरी बिक्रीका लागि बजारमा पठाउने तयारी भइरहेको समूहका अध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिनुभयो ।

कौशीखेतीका लागि दुई र पाँच अन्य कृषि प्रयोजनमा २५ केजीको प्याकेजिङ गरिएको बताउँदै उहाँले भन्नुभयो, "सुरुको अवस्थामा वन पैदावारको मल प्रतिकेजी रु २५ र गड्यौले मलको रु ४० दर कायम गरिएको छ । मल उद्यमबाटै बिक्री पनि गरिँदै आएको छ ।"

'एक वन एक उत्पादन' कार्यक्रमअन्तर्गत गत फागुनदेखि सुरु गरिएको जैविक मल उद्यम सञ्चालनमा हालसम्म १० लाखभन्दा बढी लगानी भइसकेको बताउँदै उहाँले वन पैदावार सङ्कलनमा मात्र रु तीन लाख ९० हजार लगानी भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सामुदायिक वन क्षेत्रको अँधेरीकुनामा सङ्कलन केन्द्र स्थापना गरिएको लगभग ३० लाख केजी वन



पैदावार सङ्कलन गर्दा सात हजारभन्दा बढीले रोजगारी प्राप्त गरेका थिए । हरियो पातपतिङ्गरको प्रतिकेजी रु तीन र सुकेको प्रतिकेजी रु पाँचका दरले वन समूहले खरिद गरेको हो । जैविक मल प्रयोगले माटोको उर्वराशक्ति बढाउनुका साथै स्वस्थकर अग्यानिक उत्पादनमा जोड पुग्नेछ ।" वनजङ्गलबाट सङ्कलन गरिएको स्याउला तथा घाँसपात जम्मा गरेपछि आधुनिक मेसिनद्वारा कटिङ गरी सानो साइजको बनाएसँगै जैविक मल उत्पादन गर्न ९० दिन लाग्ने बताउँदै उत्पादन प्रक्रिया पूर्ण रूपमा व्यवस्थित र वातावरणमैत्री रहने विश्वास अध्यक्ष श्रेष्ठको छ ।

गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल गुणस्तर परीक्षण प्रयोगशालाको रिपोर्टअनुसार आवश्यक मापदण्ड पूर्ण भएको प्रमाणित गरेको छ । उत्पादित मलमा चिस्यान आठ दशमलव एक, पिएच ६.२, नाइट्रोजन १.३, फस्फोरस ०.५, पोटासियम ३.०३ र कार्बन २५.३४ प्रतिशत रेहको प्रयोगशालाको रिपोर्टमा उल्लेख रहेको समूहका सदस्य एवं कृषि प्राविधिक प्रशान्त श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार कास्की डिभिजन वन कार्यालयद्वारा विभिन्न आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि रु चार लाख ५० हजार विनियोजन भएको छभने गण्डकी जलाधार जलवायु उत्थानशील कार्यालय कृषि पाठशाला सञ्चालनका लागि रु तीन लाख ५० प्राप्त भएको थियो ।

अँधेरीकुनाको ग्रिन प्लाष्टिक टनेलमा गड्यौले मल उत्पादन भइरहेको छ । जसका लागि (लिवर्ड) ले २५ हजार गड्यौलासहित आवश्यक भौतिक संरचना निर्माणका लागि ब्लक, सिमेन्ट र प्याकेजिङ र सिलाउने मेसिनलगायत सामाग्री उपलब्ध गराएको उहाँको भनाइ छ ।

कास्की डिभिजन वन कार्यालयबाट गत वर्ष जिल्लामा तृतीय भई पुरस्कृतसमेत भएको ८६ दशमलव ७५ हेक्टरमा फैलिएको उक्त वन समूहमा हाल एक सय ९२ घरपरिवार उपभोक्ता रहेका छन् । समूहका उपभोक्तालाई परिचालन गरेर अहिले मल चाल्ने काम भइरहेको छ ।

समूहकी सदस्य विष्णु कुमालका अनुसार दिनभरि काम गर्नेले रु एक हजार ५०० सम्म र फुर्सदको समयमा आउने गृहणीले पनि कम्तीमा रु पाँच सय आम्दानी गरेका थिए । समूहले नवलपुर जिल्लाको विनय त्रिवेणी गाउँपालिकास्थित विनयी सामुदायिक वन समूहले उत्पादन गरेको जैविक मल उद्यमको स्थलगत अध्ययनपश्चात मल उत्पादन कार्यलाई अघि बढाएको हो ।

जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले सो मल उद्यमको स्थलगत अध्ययन गर्दै रोजगार सृजना एवं वन क्षेत्रमा थुप्रिएको ज्वलनशील पदार्थका कारण डढेलोको प्रकोप न्यूनीकरणमा समेत उद्यम कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

रासायनिक मलको आयातलाई कम गर्नुका साथै प्राकृतिक स्रोतलाई स्थानीय रोजगारी सृजना गर्दै आयआर्जनमा टेवा पुग्ने उद्यमलाई तीनै तहका सरकारले सहयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले यस्ता कामको अन्य सामुदायिक वन समूहले पनि अनुशरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । प्राकृतिक स्रोतलाई भरपुर उपयोग गरी मुलुक र जनताको समृद्धिसँग जोड्नुपर्नेमा उहाँको जोड थियो ।

गण्डकी प्रदेश नवलपुर जिल्लास्थित विनयत्रिवेणी गाउँपालिकाको विनयी सामुदायिक वन समूहले विगतदेखि नै जैविक मल उत्पादन गर्दै आएको छ । पछिल्लो समय गाउँपालिकाले अपनत्व लिएको सो उद्योगमा हाल ८० जनाले प्रत्येक्ष रोजगारी प्राप्त गरेका छन् । वन समूहको अधिकारका लागि पैरवी गर्दै आएको छाता सङ्गठन सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले विभिन्न दातृराष्ट्रको सहयोगमा सञ्चालित परियोजनाहरू यस्ता उद्यमसँग जोडिनुपर्ने अपरिहार्य रहेको सम्बन्धित विज्ञहरूको धारणा रहेको छ ।रासस

# गड्यौला मल उत्पादनबाट मनग्य आम्दानी

दोधारा चाँदनी । कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ का उत्तम सुनारले गड्यौलाको मल उत्पादन गरेर मनग्य आम्दानी गर्न थाल्नुभएको छ ।

सुदूरपश्चिम विश्वविद्यालयमा बिबिएस तेस्रो वर्षमा अध्ययनरत सुनारले इन्टरनेटको माध्यमबाट सिकेर गड्यौला मल उत्पादन गर्न लाग्नुभएको हो । "अध्ययन गर्दैगर्दा केही गरेर आम्दानी गर्ने सोच आयो, त्यसपछि इन्टरनेटमा के गर्दा ठिक होला भनेर खोज्न थाले", उहाँले भन्नुभयो, "गड्यौला मल उत्पादनबाट कम लगानीमा बढी आम्दानी गर्न सकिने थाहा पाएपछि यसतर्फ लागे ।"

सुनारले दुई वर्षअघि रु चार लाख लगानीमा चार ब्याडबाट मल उत्पादन सुरु गरेको बताउनुभयो । उहाँले चार ब्याडबाट राम्रो आम्दानी भएपछि मल उत्पादन थप गरेर २५ ब्याडमा विस्तार गर्नुभएको छ । "माग धेरै आउन थालेपछि मल उत्पादन बढाएको छु, तर पनि बजारको माग धान्न सकिएको छैन", उहाँले भन्नुभयो, "किसानले रासायनिक मलको विकल्पमा गड्यौला मल प्रयोग गर्न थालेपछि यसको माग धेरै आउने गरेको छ ।" उहाँले उत्पादन गरेको मल कैलालीसम्म बिक्री हुने गरेको बताउनुभयो ।

पछिल्लो समय तरकारीखेती, बगरखेती, बेमौसमीखेती गर्ने किसानले मलको माग गर्ने गरेको उहाँले बताउनुभयो । "सुरुआतमा करिब रु चार लाख लगानी गरेको थिएँ, त्योभन्दा बढी आम्दानी गरिसकेको छु", उहाँले भन्नुभयो, "एक महिनामा मात्र रु एक लाख ५० हजारको मल बिक्री गरेको छु, यसरी बिक्री भयो भने वर्षमा रु सात लाखसम्म आम्दानी हुन्छ ।"

सुनारले तीन महिनामा ४८ क्विन्टल बढी मल बिक्री गरेको बताउनुभयो । गड्यौला मल प्रतिकिलो रु २५ का दरले बिक्री हुने गरेको छ । रासस

# म्याग्दीमा करिब एक अर्बको आलु र सुन्तला बिक्री

म्याग्दी । गत आर्थिक वार्षिकमा यहाँबाट करिब रु एक अर्बको आलु र सुन्तला बिक्री भएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार आव २०८१/८२ मा यहाँबाट रु ६० करोडको आलु र ३३ करोड ४६ लाख बराबरको सुन्तला बिक्री भएको हो ।



केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले गत आवमा एक हजार आठ सय २० हेक्टर क्षेत्रफलमा उत्पादन भएको ३५ हजार चार सय ९० मेट्रिकटन आलु प्रतिकिलो न्यूनतम रु ३५ का दरले बिक्री हुँदा रु ६० करोडको कारोबार भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार एक हजार आठ सय २० क्षेत्रफलमा प्रतिहेक्टर १९ दशमलव पाँच मेट्रिकटनका दरले आलु उत्पादन भएको छ । चार सय २५ हेक्टर क्षेत्रफलमा उत्पादन भएको चार हजार सात सय ८१ दशमलव तीन मेट्रिकटन सुन्तला प्रतिकिलो रु ८० का दरले ३३ करोड ४६ लाख ७० हजारमा बिक्री भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो ।

म्याग्दीको आलु र सुन्तला बेनी, पोखरा, काठमाडौँ र चितवनका बजारमा बिक्री हुन्छ । क्षेत्रफल विस्तार, अनुकूल मौसम, रोगकीराको समस्या नदेखिएकाले आलु र सुन्तलाको उत्पादन बढेको प्रमुख बाँस्तोलाले बताउनुभयो । आव २०८०/८१ मा एक हजार सात सय ५० हेक्टरमा ३१ हजार चार सय ५० मेट्रिकटन आलु र रु २४ करोड बराबरको तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । कृषि ज्ञान केन्द्रका प्राविधिकले 'क्रपकटिङ' विधिबाट फलफूल, तरकारी र खाद्यबाली उत्पादनको तथ्याङ्क सङ्कलन गर्दै आएका छन् ।

अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैँडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सय भन्दा बढी सुन्तला बगैँचा छन् ।

सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलु र सुन्तलाले बजार पाउन थालेको हो । कृषि ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले जिल्लामा आलु र सुन्तलाखेती विस्तार तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन् । गत आर्थिक वर्षमा केन्द्रको रु ४७ लाख १४ हजार सहयोगमा ४२ वटा फार्म तथा समूहमा आवद्ध एक सय ६४ परिवार किसानले तीन सय ७० रोपनी बगैँचा सुदृढीकरण र ४० रोपनीमा विस्तार गरेका कृषिप्रसार अधिकृत गङ्गा लामिछानेले जानकारी दिनुभयो । रासस

# मकैको पिठो 'ब्राण्डिङ'

गुल्मी । जिल्लामा पहिलो पटक मकैको पिठो ब्राण्डिङ गर्न सुरु गरिएको छ । मुसिकोट नगरपालिकामा साना किसान कृषि सहकारी संस्थाले मकैको पिठो ब्राण्डिङ गर्न लागेको हो ।

मुसिकोट-४ स्थित फेदीमा खाद्य प्रशोधन उद्योग स्थापना गरेर मकैको पिठोको ब्राण्डिङसँगै त्यसको बजारीकरण गर्न लागिएको हो । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ, नगरपालिका र कृषि ज्ञान केन्द्रको रु ७३ लाख तथा साना किसान सहकारी संस्थाको रु १६ लाख ५० हजार गरी करिब रु ९० लाखको लागतमा प्रशोधन उद्योग स्थापना गरिएको छ ।

साना किसान कृषि सहकारी संस्थाबाट उत्पादित पिठो स्थानीय बजारदेखि बुटवलसम्म पुग्ने गरेको साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष हरि छन्तेलले बताउनुभयो । साना किसान सहकारीले स्थानीय किसानबाट प्रतिपाथी रु २०० मा मकै खरिद गरेको छ ।

किसानबाट खरिद गरेको स्थानीय जातको मकैलाई उद्योगमा प्रशोधन गरी त्यसलाई लेबलिङ र प्याकेजिङ गरेर बजारमा पठाइएको अध्यक्ष छन्तेलले बताउनुभयो । यसरी प्रशोधन गरेर तयार गरिएको मकैको पिठोको मूल्य प्रतिकिलो रु १३० निर्धारण गरिएको छ । तत्कालीन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइबाट मकैको प्रशोधन, लेवलिङ र प्याकेजिङ गर्ने उपकरणमा कार्यालयबाट ८५ प्रतिशत अनुदान उपलब्ध गराइएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका प्रमुख रमेश जैसवालले जानकारी दिनुभयो ।

यस आर्थिक वर्षमा सहकारीमार्फत स्थानीय बजारहुँदै बुटवल र काठमाडौँसम्म ३५ टन बराबरको पिठो बिक्री गर्ने लक्ष्य रहेको साना किसान कृषि सहकारी संस्थाका व्यवस्थापक विवेक पेमीले बताउनुभयो ।

नगरपालिकाका प्रमुख जिवलाल खरेल जीवनले गाउँमा केही भएन भनेर भाष्य निर्माण गर्नेका लागि साना किसान सहकारीले गतिलो उदाहरण प्रस्तुत गरेको बताउनुभयो ।रासस

# ११ दशमलव ५२ अङ्कले घट्यो नेप्से परिसूचक

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ११ दशमलव ५२ अङ्कले ओरालो लागेको छ । नेप्सेका अनुसार आइतबारको कारोबारमा परिसूचक शून्य दशमलव ४२ प्रतिशतले घटेर दुई हजार ७०८ दशमलव २५ अङ्कमा कायम भएको हो । आइतबार विभिन्न ३३४ कम्पनीका एक करोड ११ लाख २४ हजार ८४५ कित्ता शेयर ५८ हजार ८७ पटक रु चार अर्ब ४० करोड २७ लाख ६७ हजार २७१ दशमलव ७२ मा कारोबार भएको छ । आइतबार १७३ वटा कम्पनीको शेयर मूल्य घट्दा ७९ वटाको बढेको छ । हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर् मूल्य ९.९७ प्रतिशत, एनआइबिएल समृद्धि फण्ड-२ को पाँच दशमलव ८३ प्रतिशत, युनिभर्सल पावर कम्पनीको पाँच दशमलव १२ प्रतिशतले घटेको छ ।रासस

## मालपोत कार्यालय मौलापुर, रौतहट

### ३५ दिने सार्वजनिक सुचना

जिल्ला रौतहट साविक गाविस देवाही गार्ड नं.६ हाल देवाहोगोनाही न.पा.वडा नं.४ मा बस्ने प्रेमचन्द्र प्रसाद पटेल र शिवचन्द्र प्रसाद पटेलले आफनो बाबु नाताको महेन्द्र राउत कुर्मीको नामदर्ताको तपसिलका जग्गा आफनो संयुक्त नामसारी गरी पाउं भनी द.न ६६८० मिती २०८०/१२/१५ गतेको को निबेदन पर्न आएको हुदाँ तमसिलमा उल्लेखित जग्गामा अरु कसैको हकदावी छ वा छैन? निजको नमा नामसारी भै गएमा कसैको हक जान्छ कि? सर्वसाधारणको जानकारीको लागी ३५दिने सावजनिक सुचना प्रकाषित गरिएको छ । यो सुचना प्रकाषित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यया मांग दाबी बमोजिम नामसारी भै जाने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

| गा.प.न.पा. | वडा न. | कि.न | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|
| देबाही | ५क | २३ | ०-८-१४-० | महेन्द्र राउत कुर्मी |
| देवाही | १ | ५८३ | ०-६-१०-० | महेन्द्र राउत कुमी |
| देवाही | २ | १०८४ | ०-४-१५-० | महेन्द्र राउत कुर्मी |
| देवाही | १ | ७६८ | ०-८-१४-० | महेन्द्र राउत कुर्मी |
| देवाही | ५क | २१९ | ०-०-१८-५.५ | महेन्द्र राउत कुर्मी |
| देवाही | २ | १२२६ | ०-४-०-० | महेन्द्र राउत कुर्मी |
| देवाही | २ | ९६५ | ०-१-५-० | महेन्द्र राउत कुर्मी |
| देवाही | २ | ९६७ | ०-०-१२-८ | महेन्द्र राउत कुर्मी |
| करुनिया | ३ | ३८७ | १-१०-० | महेन्द्र राउत कुर्मी |
| करुनिया | ३ | ४९ | ०-६-० | महेन्द्र राउत कुर्मी |
| करुनिया | ३ | ८७ | १-१-० | महेन्द्र राउत कुर्मी |
| कर्कच | ९ | ७९३ | ०-१-०-० | महेन्द्र राउत कुमी |

माग जग्गाहरुको मोठ भिडान हुदाँ उक्त ज.धको मोठ श्रेस्ताहरुमध्ये गाबिस देवाही वडा नं ५ क कि.नं.२३ को ०-८-१४-०,२१९ को ०-०-१८-५.५, वार्ड नं.१ कि.नं.५८३ को ०-६-१०-० कि.नं.७६८ को ०-८-१४-०, वार्ड नं.२ कि.नं.१०८४ को ०-४-१५-० र गाविस करुनिया वार्ड नं.३ कि.नं ३८७ को १-१०-०,४९ को ०-६-०,८७ को १-१-० को जग्गाको मोठ श्रेस्ता महेन्द्र राउत कुर्मीको नाममा कायम रही ज.ध.को वतन देवाही ६, बाबु भोला राउत कुर्मी, बाजे इशर राउत, ना.प्र.नं.५०३८/१०५९ जारी मिति २०४५/२/२६ उल्लेख रही महेन्द्र राउत कुर्मीको नाममा रोक्का नरहेको भने व्यहोरा उल्लेख भआइएको देखिन्छ ।त्यस्तै अर्को मोठ श्रेस्तामा गाविस देवाही वार्ड नं.२ कि.नं.१२२६ को ०-४-०-०३ जग्गाको मेठ श्रेस्ता महिन्द्र राउत कुर्मीको नाममा कायम रही ज.ध. को बतन देवाही ६, बान् भोना राहत कुर्मी, बाजे इशर राउत, ना प्र.नं.५०३८/१०५९ जारी मिति २०४५/२/२६ उल्लेख रही महेन्द्र राउत शुभर्मीको नाममा रोक्का देखिदैन र मिति ०७७/११/०२ मा दृष्टिबन्धक भिडेको व्यहोरा उल्लेख भई आएको देखिन्छ। त्यस्तै अकों मोठ श्रेस्तामा गा बि स देवाही वार्ड नं.२ कि.नं.९६५ को ०-१-५-००९६७को ०-०-१२-८ को जग्गाको मोठ श्रेस्ता महेन्द्र राउत कुर्मीको नाममा कायम रही ज.व.को देवाही ६. बाबु भोला राउत कुर्मी, बाजे इगर राउत, ना. प्र.नं.५०३८/१०५९ जारी मिति २०४५/०२/२० उल्लेख रही महेन्द्र राउत कुर्मीको नाममा रोक्का नरहेको र दा.खा.मि.नं.९/२०७७/१०/१३ मा मिनिस पढेको भने व्यहोरा उल्लेख भई आइएको देखिन्छ त्यस्तै गा.वि.स. कर्कच वार्ड नं.९ कि.नं.७९३ को ० १-०-० को जग्गाको मोठ बेस्ता महेन्द्र राउत कुर्मीको नाममा कायम रही जध.को बतन देवाही बाबु भोला राउत कुर्मी, बाजे इगर राउत, ना.प्र.नं.५०३८/१०५९ जारी मिति २०४५/०१/२६ उल्लेख रही महेन्द्र राउत कुर्मीको नाममा रोक्का नरहेको र दाखामि नं. २४५/२०७५/०३/१२ मा मिसिर भिडेको भने व्यहोरा उल्लेख भई आइएको देखिन्छ। देवाहीगोनाही न.पा. ४को च.नं.८१६ मिति २०८१/१२/०८ गतेको पत्रबाट ज.ध. महेन्द्र राउत कुर्मी र निजको एकमात्र श्रीमति सिया देवीको आफ्नो कालगतिले मृत्यु भई यी मरुवाहरुको मृतयु पश्चात हकखाने दुई जना छोरा प्रेमचन्द्र प्रसाद पटेल र शिवचन्द्र प्रसाद पटेल रहेकोमा मरुवा महेन्द्र राउत कुर्मीको नाम दर्ताको माथि उनलेखित जम्मा छोराहरु प्रेमचन्द्र प्रसाद पटेल र शिवचन्द्र प्रसाद पटेलको संयुक्त नाममा नामसारी गर्न सिफारित नई धाएकोमा उक्त जग्गा माग गर्नेको सो जग्गाहरुमा निजको हक पुग्छ कि पुग्दैन कि सो बाहेक अ कोही पनि हकदार छ वा छैन ? उक्त जग्गाहरु हाल कस कसको हकभोगमा रहेको छ ? निवेदक र मृत्कहरुबिच के नाता समबन्ध रहेको छ ? सो जग्गाहरु कुनै किसिमले विक्रीवितरण तथा हक स्तान्तरण गरेको छ वा छैन ? ज.ध. महेन्द्र राउत कुर्मीको कति वटा श्रीमति र कति जना छोराछोरी इतर ज.व. महेन्द्र राउत कुर्मीने गा.वि.स. वार्ड नं. कि.नं. को जगगा कसैलार्य दृष्टिबनधक पारित गरेको नागमनुत्तार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन। फरक पर्ने भए प सांध्रयवाट प्रकाशित सुचनाको ३५ दिनभित्र बाटो को म्यादबाहेक स प्रमाण सहित यस कार्यालयन उपस्थित हुन आउनु होला अन्यथा कानुन बमोजिम भई जानेछ। यसै सुचनाद्वरा जानकारी गराइन्छ ।

## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स. सोनरनिया वार्ड नं.१ हाल मौलापुर न.पा.८मा बस्ने रामकली यादवनी भन्ने देवकलिया यादवनीले जि.रौ. गा.वि.स. पथराबुधराम वडा नं.९ कि.नं.५४८ को ०-८-० को अप्रमाणित जग्गा प्रमाणित गरी आफनो एकलौटी नाममा नामसारी गर्न द.नं.८५४५ मिति २०८१/०३/२४ गतेको माग निवेदन ।

मौलापुर न.पा.८ को च.नं.१८८ मिति २०८२/०५/१७ गते तथा च.नं.१२६६ मिति २०८१/०३/२३ गतेको पत्रबाट जिल्ला रौतहट साविक गा.वि.स. सोनरनिया वार्ड नं.१ हाल मौलापुर न.पा.८मा बस्ने कलिक राय सोनरनिया मर्दा अशं हक खाने छोरा सहदेव राय यादव सोनरनियाको नाममा सर्वे नापी रहेको गा.वि.स. पथराबुधराम वडा नं.९ कि.नं. ५४८ को ०-८-० को जग्गा निज सहदेव राय यादको हकभोग, दखल कब्जामा रही आएकोमा निज दर्तावाला सहदेव राय यादव आफनो कालगतिले मिति २०४२/०९/२० गते प्रलोक भई निजको शेषपछिको हक खाने सबभन्दा नजिकको हकदार निजको एकमात्र श्रीमति रमकलिया यादवनी भन्ने देवकलिया यादवनी रहेकोले मरुवा कलिक राय सोनरनिया मर्दा अशं हक खाने छोरा सहदेव राय यादव सोनरनियाको नाममा सर्वे नापी रहेको गा.वि.स. पथराबुधराम वडा नं.९ कि.नं. ५४८ को ०-८-० को को अप्रमाणित जग्गा प्रमाणित गरी सहदेव राय यादवको एकमात्र पत्नी रमकलिया यादवनी भन्ने देवकलिया यादवनीको नाममा नामसारी गरिदिनहुन सिफारिस भई आएको ।

माग जग्गाको मोठ भिडान हुँदा जग्गाको विवरणमा गा.वि.स. पथराबुधराम वडा नं.९ कि.नं.५४८ क्षेत्रफल ०-८-० उल्लेख रही जग्गाधनीको विवरणमा सहदेव राय यादव सोनरनिया मात्र उल्लेख रही यो जग्गा अप्रमाणित रही मोठ कायम रोक्का देखिदैन भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ । उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनु भनी भूमि प्रशासन निर्देशिका २०८१ को परिच्छेद ३ को दफा ५० बमोजिम ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम नामसारी भै जाने व्यहोरा यसै सुचनाद्वरा जानकारी गराईन्छ ।

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही कुमार इन्द्रजीत जी (बारामा बरेवा) र रुदल खा (बेलौवा) भगुवा मोही लगत कटा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

| ज.ध. को नाम | ठेगाना | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| लोकनाथ नेपाल | फतुवा विजयपुर न.पा. वडा नं. ११ | रौ. | लक्ष्मीनिया | ८ख | ८३/५८० | ०-२-१६-४ |
| लोकनाथ नेपाल | फतुवा विजयपुर न.पा. वडा नं. ११ | रौ. | लक्ष्मीनिया | ८ख | ८३/४१४ | ०-४-१३१२ |
| मेघनाथ नेपाल | फतुवा विजयपुर न.पा. वडा नं. ११ | रौ. | लक्ष्मीनिया | ८ख | ८३/५८१ | ०-२-१६-४ |
| मेघनाथ नेपाल | फतुवा विजयपुर न.पा. वडा नं. ११ | रौ. | लक्ष्मीनिया | ८ख | ८३/४१६ | ०-२-१६ |
| मिश्रा कुमारी भुजेल | फतुवा विजयपुर न.पा. वडा नं. ११ | रौ. | लक्ष्मीनिया | ८ख | २०/५७९ | ०-१-११ |

किता नं. ८३ को भगुवा मोही :- कुमार इन्द्रजीत जी (बारामा बरेवा)
किता नं. २० को भगुवा मोही :- रुदल खा (बेलौवा)

# हैजा नियन्त्रणका लागि प्यारामेडिक चिकित्सक खटाइयो



**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको वीरगञ्जमा देखापरेको हैजा संक्रमण नियन्त्रण र प्रभावित स्थानीयवासीको उपचारलाई थप प्रभावकारी बनाउन नारायणी अस्पतालमा नेपाली सेनाको श्रीजंग गणबाट प्यारामेडिक चिकित्सकहरू खटिरहेका छन्। गणबाट चारजना प्यारामेडिक चिकित्सक विहीबारदेखि अस्पतालमा खटिएका छन्।

गणका प्रमुख कर्णेल लोकेन्द्र कार्कीका अनुसार हाल हैजाको कारण सिर्जित आपतकालीन स्वास्थ्य चुनौतीलाई मध्यनजर गर्दै तत्काललाई चिकित्सक टोली पठाइएको छ। अस्पताल प्रशासनबाट रातको समयमा खटिने स्वास्थ्यकर्मीको अभाव रहेको जानकारी पाएपछि सेनाले आफ्नो टोली पठाएको उनले बताए।

सेनाको सहकार्यबाट जिल्लामा हैजा नियन्त्रणमा महत्वपूर्ण टेवा पुग्ने उनले विश्वास व्यक्त गरे। सेनाको चिकित्सक टोलीले अस्पतालमा उपचाररत बिरामीलाई सहज र गुणस्तरीय उपचार सेवा उपलब्ध गराउने उनले दाबी गरे।

आवश्यक परेको खण्डमा १५ देखि २० जनाको चिकित्सकसहितको टोली तयारी अवस्था रहेको कार्कीले बताए।

हाल नारायणी अस्पतालमा हैजाका कारण प्रभावित बिरामीहरूको उपचार भइरहेको छ। स्वास्थ्यकर्मीहरूले सुरक्षित खानेपानी, सरसफाइमा ध्यान दिने र आवश्यक सतर्कता अपनाउन स्थानीयलाई आग्रह गरेका छन्।

यसअघि पनि प्राकृतिक विपत्ति वा आकस्मिक परि स्थितिमा नेपाली सेनाले उपचार, उद्धार तथा राहतमा अग्रसर भई स्थानीय समुदायलाई सहयोग गर्दै आएको उनको भनाइ छ।

# मिथिलामा पितृपक्ष शुरु

**असोज कृष्णपक्षको अवधिलाई पितृपक्ष र सोह्रश्राद्ध भनिने गरिएको छ। यसपक्षमा पितृहरु स्वर्गबाट पृथ्वीमा ओर्लने विश्वास गरिन्छ। पृथ्वीमा ओर्लेका पितृले सन्तानले दिएको तर्पण र पिण्ड सोझै ग्रहण गर्ने विश्वासले यस अवधिमा तर्पण र श्राद्ध गरी पिण्ड दिने परम्परा चलेको बताइन्छ।**

**टुडे समाचारदाता**



जनकपुरधाम। भाद्र शुक्ल पूर्णिमादेखि शुरु हुने पितृपक्षको पहिलो दिन जनकपुरधामस्थित गंगासागरमा तर्पण दिनेहरूको घुइँचो लागेको छ।

सोह्र श्राद्ध प्रारम्भको अघिल्लो दिन आइतवार पूर्णिमाको बिहानैदेखि गंगासागरमा स्नान श्रद्धालु भक्तजनहरूको घुइँचो देखिएको छ। यसरी पवित्र जलाशयमध्ये एक मानिने गंगासागरमा प्रत्येक वर्ष भदौं शुक्ल पूर्णिमाको दिन पितृ तर्पणमा सहभागी हुन नूवपाल तथा सीमावर्ती क्षेत्र भारतका विभिन्न स्थानबाट श्रद्धालुहरु आउने गर्छन्।

असोज कृष्णपक्षलाई पितृपक्ष मानिए पनि भाद्र पूर्णिमाकै दिन देवर्षि पितृ तर्पण दिइने परम्पराअनुसार आज नै पितृपक्षको पूर्वविधि देवतर्पणबाट शुरु भएको छ।

"मिथिला परम्परामा भाद्र शुक्ल चतुर्दशीकै दिन 'नौकेश' (हातगोडाका नङ र कपाल काट्ने विधि) गरेर पितृपक्षमा कूलदेवता, ग्रामदेवता र देवर्षिहरूलाई पहिलो आमन्त्रणा गरी भाद्र पूर्णिमाके दिन तर्पण दिइन्छ।", पण्डित गणेश झाले भने, "देवर्षि पितृ तर्पणसँगै पितृपक्ष सुरु भएको मानिने मैथिल परम्परा छ।" कूलदेवता, ग्राम देवता र देवर्षिलाई आमन्त्रण गरी तर्पण दिइएपछि भोलि असोज कृष्णपक्ष प्रतिपदादेखि पक्षभरि आफ्ना दिवंगत स्वजनलाई तर्पण दिइनेछ।

पितृपक्षमा दिवंगत पितृको दुई प्रकारका श्राद्ध विधान छ। पितृपक्षबाहेकका तिथिमा दिवंगत भइ पहिलो वार्षिकी गरिएका पितृको सम्फनामा यसपक्षमा 'पार्वण' श्राद्ध गरिन्छ। यस्तो श्राद्धमा आफ्ना घरका तीन पुस्ता, मावली तीन पुस्ता, अन्य परिवारभित्रका आफन्त र गायत्री गुरुलाई समेत पिण्ड दिइने धार्मिक परम्परा छ।

त्यस्तै पितृपक्षभित्रै दिवंगत भएका पितृको भने सोही तिथिमा गरिने श्राद्धलाई 'एकोपार्वण' भनिन्छ। एकोपार्वणमा एकोदिष्ट (दिवंगत तिथिमा सम्वन्धित पितृलाई पिण्ड दिइने) श्राद्ध र पार्वण विधिसमेत गाभिने हुँदा यसलाई 'एकोपार्वण' भनिएको पण्डित झाले बताए।

मिथिलामा सामान्यतया पितृपक्षको तर्पण र श्राद्ध तीर्थमा गरिने चलन छ। टाढा तीर्थस्थल जान नसक्नेहरू आफ्नो बस्ती नजिकको पवित्र जलाशयमा गई पितृ तर्पण गर्छन्। मिथिलामा पितृपक्षका सबै दिन तर्पण दिने चलन छ। यो परम्पराले धार्मिक महत्वका नदी र तलाउ तटमा पहिलो दिनको देवर्षि तर्पण दिनेहरू भरिभराउ थियो। जनकपुरधामस्थित गंगासागरसहित पवित्र तलाउमा सामूहिक तर्पण दिनेको भीड लागेको थियो।

असोज कृष्णपक्षको अवधिलाई पितृपक्ष र सोह्रश्राद्ध भनिने गरिएको छ। यसपक्षमा पितृहरु स्वर्गबाट पृथ्वीमा ओर्लने विश्वास गरिन्छ। पृथ्वीमा ओर्लेका पितृले सन्तानले दिएको तर्पण र पिण्ड सोझै ग्रहण गर्ने विश्वासले यस अवधिमा तर्पण र श्राद्ध गरी पिण्ड दिने परम्परा चलेको बताइन्छ।

पितृपक्षमा तीर्थस्थलमा तर्पण र पिण्डदान गरे पितृ (दिवंगत परिवारजन) त्रिप्त हुन्छन् भन्ने विश्वासले हिन्दू मैथिल पितृपक्षमा तीर्थस्थलमा श्राद्ध गर्न पुग्छन्। यस पक्षमा पितृपक्ष (पितातर्फ) र मातृपक्ष (मावलीपक्ष)सँगै गुरु, दिवंगत राष्ट्रप्रमुख र नजिकका अन्य दिवंगत नातेदारलाई तर्पण र पिण्ड दिने चलन छ।

मिथिलामा असोज कृष्णपक्षका १५ तिथिभित्र १६ तिथिका श्राद्ध गरिने भएकाले यसलाई 'सोलहसराद' (सोह्रश्राद्ध) पनि भन्ने गरिन्छ। पूर्णिमा तिथिको पार्वण श्राद्ध पनि औंसीका दिन गरिने भएकाले पक्ष १५ दिनकै भए पनि श्राद्धचाहिँ १६ तिथिका गरिने चलन छ।

दशैं, तिहार र छठजस्ता मुख्य चाडवाडअघि पितृहरूको स्मरण गर्नाले पारिवारिक विघ्न नपर्ने र पितृ तृप्त हुने विश्वास गरिन्छ। यी पर्वबाहेक घरमा आयोजन गरिने माङ्लिक कार्य (विवाह, व्रतबन्ध, यज्ञयज्ञादिसहितका शुभकार्य) अघि पनि पितृहरूलाई तृप्त गराउन नानीमुखी श्राद्ध र सप्तमातृकाको पूजा गर्ने हिन्दू वैदिक परम्परा रहेको बताइन्छ।

## विद्यालय गएका बालक चार दिनदेखि बेपत्ता




**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको बर्दिबासमा घरबाट विद्यालय पढ्न गएका एक बालक विगत चार दिनदेखि बेपत्ता रहेका छन्।

बर्दिबास नगरपालिका वडा नम्बर १२ मा स्थित जनता माध्यमिक विद्यालय डाँडाटोलमा कक्षा ६ मा पढ्दै गरेका स्थानीय १३ वर्षीय बालक गौतम पासवान गत बिहीबार घरबाट साइकलमा चढेर पढ्न विद्यालय गएकामा उनी अहिलेसम्म घर फर्केर नआएको निजका काका प्रमोद पासवानले जानकारी दिए।

बालक गौतम बेपत्ता भएपछि परिवारजनले प्रहरी चौकी हात्तीलेटमा खोजीका लागि निवेदन दिएका छन्। इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुखसमेत रहेका प्रहरी नायब उपरीक्षक प्रकाश बमले पीडित परिवारले प्रहरी चौकीमा बालक खोजतलासका लागि दिएको निवेदनपश्चात् तुरुन्तै सक्रिय भएको प्रहरी टोलीले बालक गौतमको खोजतलास गरिरहेको बताए।

# चन्द्रपुर बसपार्क सञ्चालन गर्न कार्यदल गठन

**टुडे समाचादाता**

रौतहट। रौतहटको चन्द्रपुर नगरपालिकाले बसपार्क सञ्चालन गर्न कार्यदल गठन गरिएको छ। बसपार्क निर्माण भए पनि बस व्यवसायीले सुरक्षालगायत विभिन्न कारण देखाउँदै बसलाई बसपार्कमा राख्न नमानेपछि नगरपालिकाले कार्यदल गठन गरेको चन्द्रपुर नगरपालिकाका प्रमुख संजयकुमार काफ्लेले जानकारी दिए।

पूर्व- पश्चिम राजमार्गको मुख्य चोक र गौर खण्डको सडकमै यातायात व्यवसायीले सार्वजनिक सवारीसाधन राखेर सडक अस्तव्यस्त पारेपछि चन्द्रपुर नगरपालिकाले बसपार्क सञ्चालन गर्न कार्यदल गठन गरेको उनले बताए।



गठित कार्यदलले रुट निर्धारण, भाडादर, सुरक्षासम्बन्धी कुराहरु, तत्काल गर्नुपर्ने आवश्यक अन्य कुरासम्बन्धी विस्तृत प्रतिवेदन दिएपछि बसपार्क व्यवस्थापन समितिले ठेक्कामार्फत बसपार्क सञ्चालन गर्ने चन्द्रपुर नगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत डा. श्रवणकुमार साहले बताए।

चन्द्रपुर नगरपालिका- ४ का वडा अध्यक्ष रवि राना मगरको अध्यक्षतामा गठित कार्यदलको सदस्य सचिवमा चन्द्रपुर नगरपालिका कार्यालयका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख चन्द्रकला बराल,सदस्यहरुमा बस व्यवसायीका प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधि रहनुभएको प्रमुख प्रशासकीय अधिकृत डा. साहले बताए।

बसपार्क सञ्चालनको लागि गएको २०८२ साउनमा बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि नगरपालिकाले जारी गरेको छ। कार्यविधि अनुसार बसपार्क व्यवस्थापन समिति गठन गरिएको र सो समितिको अध्यक्ष नगरपालिकाका प्रमुख रहने व्यवस्था रहेको प्रमुख प्रशासकीय अधिकृत डा. साहले बताए।

नगरपालिका र बस व्यवसायीबीच कुरा नमिल्दा बसपार्क सञ्चालन हुन सकेको छैन। चार्जिङ स्टेसन सहितको सुविधा सम्पन्न बसपार्क निर्माण भए पनि सुरक्षाको कारण बसपार्कबाट बस सञ्चालन गर्न नसकिएको रौतहट बस व्यवसायी संघका अध्यक्ष रामाशंकर गिरीले बताउनुभयो। चन्द्रनिगाहपुरको मुख्य सडक चौकदेखि बसपार्क टाढा हुने, बसपार्कमा रातिको समयमा इन्धन चोरी हुने, निस्कने र प्रवेश गर्ने बाटो एउटै रहेको लगायतका समस्या रहेको रौतहट बस व्यवसायी सङ्घका अध्यक्ष गिरीले बताए।

यता इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक रुपा लाबुंगले बजार क्षेत्र अस्तव्यस्त भएकोले सवारी दुर्घटनाको जोखिम बढेको बताए। चन्द्रपुर-४ स्थित टेकान टोलमा रहेको बसपार्कमा बस राख्न सुरक्षाको दृष्टि कोणले कुनै समस्या नरहेको उनले बताए। बसपार्कको सुरक्षाको लागि प्रहरी हरेक समय तयार रहेको प्रहरी नायब उपरीक्षक लाबुंगले बताए।

पूर्व-पश्चिम महेन्द्र राजमार्गस्थित चन्द्रनिगाहपुर चोक र गौर चन्द्रनिगाहपुर सडकको दुवैतिर बस, ट्रक, ईजिप्सा, जिपहरु सडकमै पार्किङ हुने गरेको कारण दुर्घटनाको जोखिम बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख लोकेन्द्र अधिकारीले बताए।

बसपार्क सञ्चालनमा आएपछि राजमार्गमा अव्यवस्थित बस पार्किङको समस्या हट्ने उनले बताए। सघन सहरी तथा भवन निर्माण आयोजना पर्साको वीरगञ्जले सुविधासम्पन्न बसपार्क निर्माणको काम सकेर गएको फागुन १५ गते चन्द्रपुर नगरपालिकालाई हस्तान्तरण गरिसकेको छ।

# कांग्रेस क्षेत्रीय सभापतिको छोराले बुवाको नाममा परीक्षा दिएको खुलासा

**अनिल तिवारी**

वीरगञ्ज। पर्साको वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा शनिबार भएको परीक्षामा ठूलो अनियमितता पर्दाफास भएको छ।



मानविकी संकायअन्तर्गत राजनीति शास्त्र स्नातकोत्तर तह (एम.ए.) तेस्रो सेमेस्टरको परीक्षा चलिरहेका बेला नक्कली परीक्षार्थीको रूपमा परीक्षा दिइरहेका एक युवक पक्राउ परेका छन्।

पक्राउ पर्ने युवक २५ वर्षीय महमद अफताब, नेपाली कांग्रेस पर्सा क्षेत्रीय सभापति महमद साहबुद्धिनका छोरा रहेका छन्।क्याम्पस प्रमुख मोहन यादवका अनुसार, सिम्बोल नम्बर १५२७०२३ का वास्तविक परीक्षार्थी महमद साहबुद्धिन थिए। तर परीक्षा कक्षमा भने उनका छोरा अफताब बुवाकै नाममा, आफ्नो फोटो टाँसी प्रवेशपत्र प्रयोग गरेर परीक्षा दिइरहेको अवस्थामा फेला परेका छन्।

नक्कली परिक्षा परिक्षा दिरहेको सूचना पाएपछि क्याम्पस प्रशासनले तत्काल अनुगमन टोली खटायो। जाँच गर्दा परीक्षार्थी साहबुद्धिनको स्थानमा उनका छोरा परीक्षा दिइरहेको पुष्टि भएपछि उनलाई परीक्षा हलमै नियन्त्रणमा लिइएको क्याम्पस प्रमुख यादवले बताए।

घटनापछि अफताबलाई क्याम्पस प्रशासनले प्रहरीलाई जिम्मा लगाएको छ। हाल उनलाई वडा प्रहरी कार्यालय वीर्तामा राखिएको छ।

क्याम्पस प्रशासनका अनुसार, त्रिभुवन विश्वविद्यालयको "संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५०" को दफा २७० (क) बमोजिम कानुनी कारबाही अघि बढाइनेछ। यस प्रावधान अनुसार परीक्षामा नक्कली परीक्षार्थी पठाउने वा अरूको सट्टा परीक्षा दिने दुवैलाई कारबाही हुने व्यवस्था छ।

यसर्थ, पक्राउ परेका अफताब मात्र नभई उनका पिता साहबुद्धिनमाथि समेत कारबाही प्रक्रिया अघि बढाइएको क्याम्पसले जनाएको छ।

पर्सा प्रहरीले जनाए अनुसा, यो प्रकरण केवल शैक्षिक अनुशासन तोड्ने मामिला मात्र नभई नियम-कानूनविपरीत कार्य भएकाले विस्तृत अनुसन्धानपछि मुद्दा दायर गरिनेछ।

यस घटनाले क्याम्पस र विश्वविद्यालय दुवैको शैक्षिक विश्वसनीयता माथि गम्भीर प्रश्न उठाएको छ। विद्यार्थी संगठन र सरोकारवालाले यसलाई शैक्षिक अनियमितताको ठूलो उदाहरण भन्दै कारबाही कडाइका साथ कार्यान्वयन गर्नुपर्ने माग गरे।

ठाकुरराम क्याम्पसमा भएको यस घटना केवल एक व्यक्तिको गल्ती मात्र नभइ शिक्षा क्षेत्रमा बढ्दो बेइमानी र मूल्यहीनताको प्रतिबिम्ब छ।

# ब्राउनसुगरसहित दुई युवक पक्राउ

**टुडे समाचारदाता**

लहान। सिराहाको गोलबजारबाट १६ ग्रामभन्दा बढी लागूपदार्थ ब्राउनसुगरसहित दुईजना युवा पक्राउ परेका छन्।

विशेष सूचनाको आधारमा प्रहरीलेपूर्व-पश्चिमलोकमार्गअन्तर्गत गोलबजार नगरपालिका- ३ स्थित गागनखोलानजिकबाट प्लास्टिकबाहेक १६ ग्राम एक सय मिलिग्राम ब्राउनसुगरसहितो देखिने खैरो पदार्थसहित शुक्रबार साँझ दुईजनालाई पक्राउ गरेको छ।

स.७प २९९५ नम्बरको मोटरसाइकलमा सवार गोलबजार नगरपालिका- १ स्थित बलडाँडा गाउँका २२ वर्षीय दीपकुमार यादव र नरहा गाउँपालिका- ५ का ३० वर्षीय इन्द्रजितकुमार यादवलाई ब्राउनसुगरसहित पक्राउ गरेको सिरहा प्रहरीले जनाएको छ।

गोलबजारस्थित इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक उदयकुमार दास र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालयका प्रहरी सहायक निरीक्षक हरिशचन्द्र मुखियाको कमाण्डमा खटिएको संयुक्त टोलीले कसहाबाट गोलबजारतर्फ आउँदै गरेको अवस्थामा शंकाको आधारमा चेकजाँच गर्दा लागूऔषध ब्राउनसुगर फेला परेपछि दुवैजनालाई पक्राउ गरिएको सिरहा प्रहरीका सूचना अधिकारीसमेत रहेका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए।

सिरहा प्रहरीले रोकेर शरीर खानतलासी गर्दा मोटरसाइकलचालक दीपकुमारले लगाएको सर्टको गोजीमा दुईवटा स-साना प्लास्टिकको पोका बनाएर राखेको ब्राउनसुगर बरामद भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

बरामद भएको ब्राउनसुगरजस्तो देखिने खैरो पदार्थ प्लास्टिकबाहेक १६ ग्राम एक सय मिलिग्राम रहेको प्रहरी नायब उपरीक्षक पासवानले बताए।

उनले पक्राउ गरिएका दुवैजनालाई मोटरसाइकलसहित गोलबजार प्रहरीमा राखिएको र आइतवार सिरहा जिल्ला अदालतमा उपस्थित गराई म्याद थप गरी अनुसन्धान गरिने बताए।

# मधेश प्रदेश लोकसेवा आयोगको वार्षिकोत्सव कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। योग्यता, निष्पक्षता, स्वच्छता मधेश प्रदेश लोकसेवा आयोगको प्रतिबद्धता मूलनाराका साथ प्रदेश लोकसेवा आयोगले आफ्नो छैठौं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको छ।




जनकपुरधाममा आइतबार वार्षिकोत्सव कार्यक्रममा कार्यवाहक मुख्यमन्त्रीसमेत रहेका भौतिक पुर्वाधार विकास मन्त्री सरोजकुमार यादवले मधेश प्रदेश लोकसेवा आयोगले कम समयमा उल्लेख्य उपलब्धि हासिल गरेको बताए।

उनले प्रदेश लोकसेवा आयोगले मधेश प्रदेशमा आवश्यक कर्मचारी उत्पादन गरी दक्ष र क्षमतावान् कर्मचारीलाई कर्मचारी नभएको कार्यालयमा पदस्थापन गर्नका लागि आग्रह गरे।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयका मुख्यसचिव मदन भुजेलले प्रदेश निजामती कर्मचारी ऐन विधेयक कतिपय दफाहरुमा बाझिएको भन्दै यसको तत्काल परिमार्जन गनुपर्ने आवश्यकता रहेको औल्याएँ। अनावश्यक रुपमा केही मन्त्रालयले लोकसेवा आयोगसंग समन्वय गरे पनि वास्तविक तथ्यांक र कानुन विपरीत कर्मचारी माग गर्दा लोकसेवा पास गरी आउने कर्मचारीलाई पदस्थपनमा पटकपटक समस्या सृजना हुँदै आएको समेत उनले बताए।

त्यस्तै मधेश प्रदेश लोकसेवा आयोगका निमित्त सचिव चिरञ्जीवी गौतमले संघीय निजामती कर्मचारी ऐनसंग कतिपय कुराहरु बाझिएको बताउँदै ऐन संशोधन गर्नु आवश्यक रहेको बताए।

प्रदेश लोकसेवा आयोगका अध्यक्ष शिवराम यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा आयोगका सदस्य डा. सुजाता देवले स्वागत मन्तव्य व्यक्त गरिन् भने मधेश प्रदेशका अधिकाश मन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन प्रसाद साह, मुख्यन्यायाधिवक्ता सुरेन्द्रकुमार महतोलगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# बाघको आक्रमणबाट चार जनाको मृत्यु

**टुडे समाचारदाता**

बारा। बाघको आक्रमणबाट बारामा पछिल्लो दुई महिनामा चार जनाको मृत्यु भएको छ।

जीतपुर सिमरास्थित आइतबार प्रगतिशील सामुदायिक वनभित्र जीतपुर सिमरा-१ का ६० वर्षीय छेवाँग लामाको बाघको आक्रमणबाट मृत्यु भएसँगै उक्त संख्या चार पुगेको छ। इलाका प्रहरी कार्यालय सिमराका प्रमुख वेद प्रकाश जोशीका अनुसार यसअघि अम्लेखगञ्जमा तीन जनाको मृत्यु भएको थियो।



घाँस काट्न गएकाहरूले बिहान च्याउ टिप्न गएका लामाको शव जंगलमा देखेपछि प्रहरीलाई खबर गरेका थिए।

बाघको आक्रमण बढेसँगै एउटा प्राविधिक टोली प्रभावित क्षेत्रमा सिसी क्यामरा जडान गर्न र नरभक्षी बाघलाई नियन्त्रणमा लिन प्रभावित क्षेत्रमा परिचालन भइसकेको पर्सा राष्ट्रिय निकुञ्जले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८